# लेखापरीक्षण प्रतिवेदन

# लेकवेशी नगरपालिका, सुर्खेत

आर्थिक वर्ष २०८१/८२



## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# लेकवेशी नगरपालिका, सुर्खेत

आर्थिक वर्ष २०८१/८२

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

*(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide Independent and Quality Audit Service)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | *(Independence)* |
| निष्ठा | *(Integrity)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |
| व्यावसायिकता | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८३ वैशाख** **महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कर्णाली प्रदेश**
**काठमाडौं**

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/420

श्रीमान् प्रमुखज्यू,
लेकवेशी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
सुर्खेत।

**विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।**

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

( टिकाराम श्रेष्ठ )
नायब महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कर्णाली प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/420

श्रीमान् प्रमुखज्यू,

लेकवेशी नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,

सुर्खेत।

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

**१. कैफियतसहितको राय**

हामीले त्यस नगरपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ मसान्तमा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

**२. कैफियतसहितको राय व्यक्त गर्ने आधार**

२.१. नगरपालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रूपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन।

२.२. नगरपालिकाको आय व्यय तर्फ रु.१ अर्ब ४३ करोड ५१ लाख ६७ हजारको लेखापरीक्षणबाट रु.१ करोड ५४ लाख ४६ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट रु.२१ लाख २५ हजार फस्योंट भई असुल गर्नुपर्ने रू.५१ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु.३ लाख ४६ हजार र नियमित गर्नुपर्ने रु.१ करोड २९ लाख २४ हजार गरी जम्मा रु.१ करोड ३३ लाख २१ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजु रु.३० करोड ८१ लाख ४८ हजारमध्ये रु.१ करोड ११ लाख २८ हजार फस्योंट भई हालसम्म अद्यावधिक बेरुजु रु.३१ करोड ३ लाख ४१ हजार बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले नगरपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।


**३. अन्य बेहोरा-** लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

**४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी**

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। नगर कार्यपालिका, नगरप्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूतरूपमा गलत आकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।



( टिकाराम श्रेष्ठ )
नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | | | | | | | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ७६ | ३२ | १,५४,४६,५१२ | ० | ८ | २१,२५,५४८ | ० | ७६ | २४ | १,३३,२०,९६४ | ५०,७८६ | १,२९,२३,७६० | ३,४६,४१८ | ० | ० | १,३२,७०,१७८ | ० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| सुर्खेत | ३०,८१,४७,६४८ | ० | १,११,२७,६९६ | २९,७०,१९,९५२ | ० | १,३३,२०,९६४ | ३१,०३,४०,९१६ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८१/८२ | ५७ | लेखापरीक्षण र विद्यालय सुधार योजना | २०,००० |
| २ | २०८१/८२ | ४१ | पेश्की बाँकी | २,१५,००० |
| ३ | २०८१/८२ | ७९ | दुग्ध प्रसोधन तथा भण्डारण उपकरण वितरण | ९०,३३२ |
| ४ | २०८१/८२ | ७८ | ढुवानीमा बढी भुक्तानी | २,९३८ |
| ५ | २०८१/८२ | ७६ | कृषि क्याम्पस दशरथपुर | २,००,००० |
| ६ | २०८१/८२ | ८१ | आदर्श मावि भवन मर्मत | १५,९७,२७८ |
| ७ | २०८०/८१ | | शिक्षक तालिम | ४,२०० |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ८ | २०८०/८१ | | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | १,४८,००० |
| ९ | २०८०/८१ | | म्याद नाघेको पेश्की बाँकी | १५,०५,००० |
| १० | २०८०/८१ | | खाँडादेवी मा वि भवन निर्माण (ठेक्का नं. ६/०७९/८०) | ३५,००,००० |
| ११ | २०८०/८१ | | खरिद सम्झौताको अन्त्य | ६,४७,००० |
| १२ | २०७९/८० | | आन्तरिक लेखापरीक्षण को व्यहोराहरु निम्न छन | २,३३,७२६ |
| १३ | २०७७/७८ | | पालिकाको अनुपात | ६,४०,९१७ |
| १४ | २०७६/७७ | ९४ | कालाजार नियन्त्रण कार्यक्रम | ९९,०५० |
| १५ | २०७५/७६ | ४४ | सोझै खरिद | ७,३३,२०० |
| १६ | २०७५/७६ | ३८ | स्वकीय सचिव | २,८८,२१० |
| १७ | २०७४/७५ | ५३ | सोझै खरिद | ३३,२८,३९३ |
| | | | जम्मा | १,३२,५३,२४४ |

# लेकवेशी नगरपालिका, सुर्खेत

# ( ८०६६८४०४३०० )

# लेकबेशी नगरपालिका , सुर्खेत

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय -** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ ।यस पालिका अन्तर्गत १० वडा, ५५ सभा सदस्य, १८०.९२ वर्ग किलोमिटर क्षेत्रफल तथा ३१ हजार ७ सय १० जनसंख्या रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।१०।४ देखि २०८२।१०।८ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग मिति २०८२।१०।२६ मा छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति -** पालिकाको आय - व्ययतर्फ रु.१ अर्व ४३ करोड ५१ लाख ६६ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली** - लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. १ करोड १७ लाख ४७ हजार असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | दाखिला गर्न बाँकी अग्रिम कर, मुअ कर र बहाल कर | ५८९३६६ |
| २ | दहत्तर बहतर प्रदेश संचित कोषमा दाखिला। | ३६९८००५ |
| ३ | गिट्टी बालुवाको मुअकर | १०७४३६७ |
| ४ | न्यानो झोला बढी भुक्तानी | ४७२०० |
| ५ | बील भर्पाई नभएको | १६२०० |
| ६ | बालबिकास सहजकर्ताको तलब नगरपालिका खाताबाट संघीय बेरुजुमा दाखिला । | ६०७६००० |
| ७ | पदाधिकारीलाई बढी भुक्तानी | ३६००० |
| ८ | अनुगमन भत्ता बढी भुक्तानी | २१०३७५ |
| | जम्मा | ११७४७५१३ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

## २ वित्तीय प्रतिवेदन

२.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा दफा ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको एकीकृत आय व्ययको विवरण देहायबमोजिम रहेको छ। एकीकृत वित्तिय प्रतिवेदन (म.ले.प.फा.नं २७०) अनुसूचीमा उल्लेख छ।

| एकिकृत आय-व्यय विवरण २०८१।०८२ | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| सि.नं | आयतर्फ | | | सि.नं | व्ययतर्फ | | |
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | **गतवर्षको जिम्मेवारी** | | **८३४४२७७५.६२** | १ | **पालिका खर्च** | | ५८६४३१०२३.५४ |
| | क)आन्तरिक राजश्व खाता(ग१-१) | ० | | | क) चालु खर्च | ४३८२८३५९२.६१ | |
| | ख) स्थानीय तह विभाज्य कोष(६-१) | ० | | | ख) पूँजीगत खर्च | १४८१४७४३०.९३ | |
| | ग) चालू खर्च खाता-विजोर वर्ष(ग२-१) | ० | | २ | **विषयगत निकाय खर्च** | | १३८८१२२१५.९० |
| | घ) पुँजीगत खर्च खाता-विजोर वर्ष(ग२-३) | ० | | | क)स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम (संघ) | २६७००००.०० | |
| | ङ)स्थानीय तह संञ्चित कोष खाता(ग४-१) | ५६३५३४९१.२४ | | | ख)सामाजिक सुरक्षा तथा संरक्षण (संघ) | १२७८५०५१४.९८ | |
| | च)स्थानीय तह धरौटी खाता(ग३-१) | ८२४६९७१.०० | | | ग)स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम संघ | १९९७५६६.०० | |
| | छ)विविध खर्च खाता(ग२-७) | १६८११४४१.५९ | | | ग)आन्तरिक मामिला तथा कानून मन्त्रालय (प्रदेश) | ७९२०००.०० | |
| | ज)स्थानीय तह विविध कोष खाता(५-१) | ६३५१००.०० | | | घ)सामाजिकविकास मन्त्रालय (प्रदेश) | ५५०२१३५.०० | |
| | झ) प्रकोपव्यवस्थापन कोष खाता(ग७-२) | १३९५७७२.०० | | ३ | **विविध कोषको खर्च** | | **४४२५८५९८.००** |
| २ | **राजस्व ( आन्तरिक आय)** | | **१३१६९२५४३.९९** | | क) स्थानीयतह विविध कोष खाता | २९१९४८६.०० | |
| | क) आन्तरिक राजस्व | १३०७४५५४.०१ | | | क) प्रकोपव्यवस्थापन कोष | २९१७११७.०० | |
| | ख) राजस्व बाँडफाँड संघ | ९९७८३०३८.०० | | | ख) विविधखर्च खाता | ३८४२१९९५.०० | |
| | ग) राजस्व बाँडफाँड प्रदेश | २५२५२९७.१८ | | ४ | **धरौटी खाताको खर्च** | | **३५५२३८८.००** |
| | घ) राजस्व बाँडफाँड स्थानीय | १२७३३५८८.०० | | | धरौटिफिर्ता | ३२६८२००.०० | |
| | ङ)घरजग्गा रजिष्ट्रेशन दस्तुर | ३३२२०६६.८० | | | धरौटिसदरस्याहा | २८४१८८.०० | |
| | च)अन्य रोयल्टि | २५४०००.०० | | ५ | **अनुदान फिर्ता** | | **१६५५३४६७.३६** |
| ३ | **वित्तिय हस्तान्तरण संघ** | | **३९३६१८५२०.००** | | क) संघियसशर्त अनुदान | १४७७९२५९.३६ | |
| | क) वित्तिय समानीकरण अनुदान | १०२४९५९२०.०० | | | ख) प्रदेशसशर्त अनुदान | १७७४२०८.०० | |
| | ख) सशर्त अनुदान | २८३१२२६००.०० | | ६ | **मौज्दात** | | |
| | ग) समपूरक अनुदान | ०.०० | | | क) धरौटीमौज्दात | ७६४५६१७.०० | **२७६८८५६७.८९** |
| | घ) विशेष अनुदान | ८००००००.०० | | | ख)सञ्चितकोष खाता | १८४९६३१३.७८ | |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | **४१०५५०००.००** | | ग) प्रकोपव्यवस्थापन | ३६८४२.७९ | |
| | क) वित्तिय समानीकरण अनुदान | १२८५१०००.०० | | | घ) विविधखर्च खाता | १३२६५६५.४२ | |
| | ख) सशर्त अनुदान | २८२०४०००.०० | | | ङ) विविधकोष खाता | ५८३०८.९० | |
| | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ग) समपुरक अनुदान | ० | | | च)नगद | १२४९२०.०० | |
| | घ) विशेष अनुदान | ० | | | | | |
| ५ | **विषयगत निकायबाट प्राप्त** | | १३८८१२२१५.९८ | | | | |
| | क)स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम (संघ) | २६७००००.०० | | | | | |
| | ख)सामाजिक सुरक्षा तथा संरक्षण (संघ) | १२७८५०५१४.९८ | | | | | |
| | ग)स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम संघ | १९९७५६६.०० | | | | | |
| | ग)आन्तरिक मामिला तथा कानून मन्त्रालय (प्रदेश) | ७९२०००.०० | | | | | |
| | घ)सामाजिकविकास मन्त्रालय (प्रदेश) | ५५०२१३५.०० | | | | | |
| ६ | **विविध कोषको आम्दानी** | | २६७१५४४१.१८ | | | | |
| | क) स्थानीयतह विविध कोष खाता | २३४२६९४.९० | | | | | |
| | क) प्रकोपव्यवस्थापन कोष | १४९९९९९.७९ | | | | | |
| | ख) बिबिधखर्च खाता | २२८७२७४६.४९ | | | | | |
| ७ | **धरौटी आय** | १३७०३९८.०० | १३७०३९८.०० | | | | |
| ८ | **करकट्टि दाखिला दायित्व बाँकी** | ५८९३६६.०० | ५८९३६६.०० | | | | |
| **जम्मा** | | | **८१७२९६२६०.७७** | | **जम्मा** | | **८१७२९६२६०.७७** |

**(विस्तृत विवरण बेरूजु दफा २.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२.२ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (मलेप फारम नम्बर २७०) तयार गर्नुपर्छ । स्थानीय सञ्चितकोष व्यवस्थापन प्रणाली बाहिर देहायको कारोबार गरेको छ ।

| सि.नं. | कार्यक्रम | निकासा/खर्च |
|---|---|---|
| १ | सामाजिक सुरक्षा तथा संरक्षण | १२७८५०५१४.९८ |
| २ | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम चालु | २६७०००० |
| ३ | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम पूँजिगत | १९९७५६६ |
| ४ | सामाजिक विकास मन्त्रालय | ५५०२१३५ |
| ५ | आन्तरिक मामिला कानुन मन्त्रालय | ७९२००० |
| | जम्मा | १०९६१७०१ |

आन्तरिक मामिला र कानुन मन्त्रालयले दश वर्षे सशस्त्र द्वन्दका मृतकको हकवाला र पिडितलाई राहतको रुपमा उपलब्ध गराएकोछ। सो रकम जिल्ला प्रशासन कार्यालयले दिएको राहत सँग दोहोरो परेको यकिन हुने आधार समेत यकिन हुने प्रमाण संलग्न गरेको पाइएन।

२.३

**फरक हिसाब** – यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार यस वर्षको प्राप्ति रु.१८,२९,५९,५३९.०७, यस वर्षको भुक्तानी रु.२०३१७६६९.३२ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| **विवरण** | **गतवर्षको जिम्मेवारी** | **यसवर्षको प्राप्ति** | **यसवर्षको भुक्तानी** | **बैङ्क मौज्दात** |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) | **८३४४२७७५.६२** | **५५०८९३९४६.०८** | **५८६४३१०२३.५६** | **२७६८८५६७.८९** |
| एकीकृत आर्थिक विवरणअनुसार | ८३४४२७७५.६२ | ७३३८५३४८५.१५ | ७८९६०७६९२.८८ | २७६८८२६७.८९ |
| फरक | ०.०० | -१८२९५९५३९.०७ | -२०३१७६६९.३२ | ३०० |

२.४ **गत वर्षको जिम्मेवारीको स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा लेखा दुरुस्त राख्नुपर्ने व्यवस्था छ। गतवर्षको पालिकाले पेश गरेको वित्तीय विवरण अनुसार रु.७,१०,७५,८३४.५८ मौज्दात रहेकोमा यो वर्ष रु.८,३४,४२,७७५.६२ जिम्मेवारी सारेको छ। जस अनुसार वित्तीय विवरणमा उल्लेख भएको भन्दा रु.१,२३,६६,९४१.६२ बढी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गरी हिसाव मिलान गर्नु पर्दछ।

२.५ **बैङ्क हिसाब विवरण** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (मलेप फारम नम्बर २१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ:

| **खाता** | **स्रेस्ताअनुसार मौज्दात रु.** | **बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु.** | **फरक रु.** |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | १९०३७९७३.७८ | १९०३७९७३.७८ | ० |
| विविध खर्च खाता | १३३४३७२.४२ | १३३४३७२.४२ | ० |
| धरौटी | ८८४१२६० | ८८४१२६० | ० |
| प्रकोप व्यवस्थापन कोष खाता | ७६७४१.७९ | ७६७४१.७९ | ० |
| विविध कोष खाता | ५८३०८.९७ | ५८३०८.९७ | ० |
| जम्मा | २९३४८६५६.९६ | २९३४८६५६.९६ | ० |

स्रेस्ता र वैकको हिसाव मिलान भएता पनि पालिकाले मलेप फारम नम्बर २१२ तयार गरेको छैन।

२.६ **सञ्चित कोषमा स्थानान्तरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पालिकाले निम्नानुसार संचित कोषहरुमा रु.१,६२,३८,४३७।० फिर्ता गरेको पाइयो। तोकिएको समयमा सो रकम सञ्चित कोषमा जम्मा (ट्रान्सफर) गरी हिसाब मिलान गर्नुपर्दछ।

| मिति | बजेट/शिर्षक | फिर्ता रकम | मिति |
|---|---|---|---|
| २०८२।३।३१ | ससर्त अनुदान पूँजिगत संघ | ३५००० | २०८२।३।३१ |
| २०८२।३।३१ | ससर्त अनुदान चालु संघ | १४४२९२२९.३६ | २०८२।३।३१ |
| २०८२।३।३१ | ससर्त अनुदान पुँजिगत प्रदेश | १०८८३५८ | २०८२।३।३१ |
| २०८२।३।३१ | ससर्त अनुदान चालु प्रदेश | ६८५८५० | २०८२।३।३१ |
| जम्मा | | **१६२३८४३७** | |

३ **कार्य सञ्चालन तथा अन्य कोष**

नेपाल सरकारले कुनै आयोजना वा कार्यक्रम संचालन गर्दा विनियोजन बजेट भित्रबाट गर्ने, विभिन्न कोषमा रकम मौज्दात राख्ने, उक्त कोषबाट खर्च गर्ने पद्धतिमा नियन्त्रण गर्ने ब्यहोरा उल्लेख गरेपनि पालिकाले यस वर्ष प्रकोष व्यवस्थापन कोष, मर्मत संभार कोष र विविध खर्च खाता जस्ता कोषमा गतवर्षबाट जिम्मेवारी सारेको रु.१,८८,४२,३१४।० सहित रु.४,५५,५७,७५५।० आय र रु.४,४२,५८,५९८।० खर्च गरी रु.१४,२१,७१७।० मौज्दात देखाएको छ।यसरी कोषमा रकम राखेर खर्च गरी खर्चमा दोहोरोपनआउने,खर्चमा मितव्ययिता कायमन हुनेहुँदा अत्यावश्यक वाहेकमा यसरी कोषमा रकम राख्ने, ट्रान्सफर गरेर खर्च गर्ने पद्धतिमा नियन्त्रण गर्नुपर्दछ।

| कोषको विवरण | गत वर्षको अ ल्या | यस वर्षको आम्दानी | यस वर्षको खर्च | मौज्दात |
|---|---|---|---|---|
| प्रकोष व्यवस्थापन कोष | १३९५७७२ | १४९९९९९.७९ | २९१७११७ | ३६८४२.७९ |
| मर्मत संभार कोष | ६३५१०० | २३४२६९४.९ | २९१९४८६ | ५८३०८.९० |
| विविध खर्च खाता | १६८११४४१.५९ | २२८७२७४६.४९ | ३८४२१९९५ | १३२६५६५.४२ |
| जम्मा | १८८४२३१४ | २६७१५४४१ | ४४२५८५९८ | १४२१७१७ |

४ **बजेट तथा कार्यक्रम तर्जुमा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

५ **बजेट पेश, पारित र अख्तियारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखलेमिति २०८१।३।९ मा रु.६४ करोड ९० लाखको बजेट सभा समक्ष पेश गरेकोमासभाबाट मिति २०८१।३।३० मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८१।४।४ मा प्रमुख प्रशासकीय अधिकृतलाई भौतिक तथा वित्तीय लक्ष्य नतोकी बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ। आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ।

६ **रकमान्तर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा स्वीकृत वार्षिक बजेटको अधिनमा रही कुनै शीर्षकबाट पूँजिगत शिर्षकमा २५ प्रतिशत नबढाई रकमान्तर गर्न सकिने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष थपघट समेत कार्यपालिकाको निर्णयबाट पूँजिगत तथा चालु शीर्षकका १८ वटा योजना तथा कार्यक्रममा विनियोजन भएको रु.५०,५५,०००।० वजेट घट गरी कुल ३५ वटा योजना तथा कार्यक्रममा वजेट थप रकमान्तर गरेको छ । उक्त रकम शुरु वजेट रु.६४,५८,९०,८९३।

० को तुलनामा ०.७८ प्रतिशत हुन आउँछ। यसरी कार्यपालिकाको पटक पटकको निर्णयवाट रकमान्तर हुने तथा आर्थिक वर्षको अन्तमा रकमान्तर गर्ने परिपाटीमा सुधार हुनुपर्दछ।

## ७ वार्षिक खरिद योजना

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ। यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१५,५६,४७,१३१.९३ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ। तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो। अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

## ८ विस्तृत आयोजना प्रतिवेदन

सार्बजानिक खरिद ऐन २०६३ को दफा ८(९)मा प्रतिस्पर्धात्मक प्रस्ताब माग गरि परामर्श सेवा खरिद गर्नेपर्ने छ। त्यस्तै सार्बजानिक खरिद ऐन २०६३को दफा २९ मा सार्बजानिक निकायले सम्बन्धित सार्बजानिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा मात्र कुनै व्यक्ति फर्म संस्था वा कम्पनीबाट परामर्श सेवा खरिद गर्न सकिने उल्लेख छ।पालिकाले परामर्श सेवा खरिद गर्दा सोको आबश्कता,खरिदमा मितब्ययिता र पालिकाको जनशक्तिको परिचालन जस्ता पक्षमा विश्लेषण नगरी यस बर्ष निम्नानुसार परामर्श सेवा खरिदगरी रु१७,२९,४९७।खर्च गरेको छ।

| भौ मिति | परामर्श सेवा | परामर्श दाता | भु रकम |
|---|---|---|---|
| ३३४-०८१।१०।११ | गमखोला रातेखोला IEE प्रतिवेदन | मुन लाइट इन्जिनियरिङ्ग एण्ड रिसर्च कन्सन्टेन्सी प्रा लि | ४८८७२५ |
| २१४-०८१।८।१४ | IEE प्रतिवेदन | ए एण्ड ए कन्सन्टेन्सी प्रा लि | ४९०००० |
| ४५१-०८१।११।२० | सामाजिक परिक्षण कार्यक्रम र प्रतिवेदन | सक्रिय परामर्श सेवा प्रा लि | २४४२२९ |
| ६०७-०८१।१२।२१ | दिगो विकास लक्ष्यको स्थानीयकरण रणनीति तर्जुमा प्रतिवेदन | सार्प रिसर्च सेन्टर प्रा लि | ४६०५२८ |
| ४३७-२०८१।११।१९ | सामुदायिक वनहरुमा जडिबुटी अध्ययन सम्वन्धमा प्रतिवेदन | पावेश पौडेल | ८५००० |
| ५३४-०८१।१२।१७ | O and M सर्वेक्षण प्रतिवेदन | Interegrated studies and reaserch centre Pvt | ४४९७४० |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन। डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ। साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन।

## ९ योजना प्राथमिकीकरण

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नअनुसार १० वडाको लागि वडागत र पालिकास्तरका कुल २०५ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र सं | कार्यक्रमको नाम | योजना संख्या | रु.२० लाख माथिका योजना सङ्ख्या | रु.५-२० लाख सम्मका योजना संख्या | रु.५ लाख भन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | पालिकास्तरिय | ११ | ५ | ६ | ० |
| २ | वाडा स्तरिय | १९४ | १४ | ३९ | १४१ |
| | जम्मा | २०५ | १९ | ४५ | १४१ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये १७९ योजनामात्र कार्यान्वयन भई २६योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

१० **कार्यक्रमको प्रगति**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८४ मा प्रमुख प्रशासकीय अधिकृतले प्रतिवेदन तयार गरी कार्यपालिको वैठकमा पेश गर्नुपर्ने व्यवस्था छ। कार्यालोलयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन। बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतला्इ जिम्मेवार बनाउनु पर्दछ।

| **कार्यक्रम/ योजना** | **कुल कार्यक्रम** | **वार्षिक प्रगति स्थिति** | | | |
|---|---|---|---|---|---|
| | | **शून्य प्रगति** | **२५%सम्म प्रगति** | **५०% सम्म प्रगति** | **७५% सम्म प्रगति** |
| **कार्यक्रम संख्या** | ६४१ | ३ | ० | ० | २ |

११ **क्षेत्रगत बजेट र खर्च**

विनियोजन ऐन, २०८१ बमोजिम क्षेत्रगत बिनियोजन गरी सन्तुलित रुपले खर्च गर्नुपर्ने व्यवस्था छ स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| **क.स** | **क्षेत्र** | **बजेट** | **खर्च** | **खर्च प्रतिशत** |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ४३७०२६४५ | ३६८४३४०६.९४ | ६.२८ |
| २ | पूर्वाधार विकास | ६०१६३३४२ | ४६५६८४३७.३० | ७.९४ |
| ३ | सामाजिक विकास | ३५८८५००१३.६० | ३३०५२७०७३.५३ | ५६.२८ |
| ४ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ५६६१००० | ४१३३९११.८७ | ०.७१ |
| ५ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | १७७५१३८९२.५० | १६८३५८१९३.९७ | २८.७१ |
| **जम्मा** | | **६४५८९०८९३.१०** | **५८६४३१०२३.५४** | १०० |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ५६.२८ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासन मा सबै भन्दा घटीमा ०.७१ प्रतिशत रहेको छ ।

१२ **आवधिक योजना**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन। आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ ।

आवधिक योजना नबनाई पालिकाले देहाय बमोजिम (सुत्राअनुसार) बजेट र खर्च गरेको छ ।

| सि.नं. | बजेट | खर्च |
|---|---|---|
| २०८१।८२ | ६४५८९०८९३.१० | ५८६४३१०२३.५४ |
| २०८०।८१ | ७२८२१७२४८.२२ | ६१९७४००९४.९५ |
| २०७९।८० | ९७६३०१९१७.१० | ६२३८१८०४४.३४ |
| २०७८।७९ | ७१६०३८९८९.४९ | ५६९६३८८६५.०८ |
| २०७७।७८ | ७४३२४१०३५.५३ | ५७२६८४४२९.५२ |
| जम्मा | ३८०९६९००८३.४४ | २९७२३१२४५७.४३ |

आवधिक योजना नहुँदा योजना र कार्यक्रमले प्रदेश र संघको प्राथमिकता अनुसार देशको लक्षित क्षेत्रमा लगानी नहुने अवस्था हुँदा आवधिक योजना बनाउनु पर्छ।

## १३ आयोजना बैंक

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा पालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका बिषयमा स्थानीय स्तरको विकासको लागि आवधिक, बार्षिक, रणनीतिगत बिषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागु गर्नुपर्ने, त्यस्ता योजना संघीय सरकार र प्रदेश सरकारका योजना अनुकुल हुनुपर्ने विभिन्न अन्तरसम्बन्धित विषयलाई ध्यान दिई योजना तर्जुमा गर्नुपर्ने व्यवस्था रहेको छ। योजना बनाउदा आर्थिक विकास र गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने उत्पादन मुलक र छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तरमा आम्दानी र रोजगार बढ्ने, स्थानीय स्तरका जनताको सहभागिता जुट्ने, स्वयम् परिचालन गर्न सकिने तथा लागत कम लाग्ने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, पिछडिएको वर्ग र समुदायलाई प्रत्यक्ष लाभ हुने योजना सञ्चालन गनुपर्नेमा पालिकाले हालसम्म आयोजना बैंक बनाई कार्यान्वयनमा ल्याएको पाइएन। पालिकाले आयोजना बैंक नवनाई यो बर्ष १९४ योजनामा रु.१६ करोड ८७ लाख बजेट बाँडफाँट गरेको छ। पालिकाले स्थानीय आयोजना बैंकको अवधारणा कार्यान्वयन गरी आयोजना छनौट र आयोजना व्यवस्थापनमा प्रभावकारिता ल्याउनुपर्दछ

## १४ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले मिति २०७८।०८।१३ मा आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा दिग्दर्शन २०७८ (नमुना सहित) सबै स्थानीय तहहरूलाई तर्जुमा गरी कार्यान्वयन गर्न परिपत्र गरेको छ । तर पालिकाले कानुनमा भएको व्यवस्था वमोजिम त्यस्तो प्रणाली तयार गरी लागु गरेको भएतापनि देहायका क्षेत्रमा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी हुन सकेको देखिएन । यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:

- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीयतहले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक योजना तयार भएतापनी सो कार्यान्वयनका लागि रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन,
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन,
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को अनुसुची ११ बमोजिम स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको वार्षिक प्रतिवेदन तयार गरेको पाईएन,
- स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरी प्रगतिको समिक्षा गरेको पाईएन,
- पालिकाले आयोजना वा कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुटाई त्यस्ता आयोजनालाई प्राथमिकता दिएको देखिएन,

Ø वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तथा शहरीकरण भैरहेका स्थानलाई मध्यनजर गरी फोहोरमैला व्यवस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको पाईएन,

Ø भ्रमण खर्च नियमावली, २०६४ मा उल्लेख भए बमोजिम पालिकाका पदाधिकारी र कर्मचारीहरूको अनुगमन तथा भ्रमण खर्च भुक्तानी गर्दा स्वीकृत भ्रमण आदेशमा भ्रमणको उद्देश्य, कारण र भ्रमणबाट प्राप्त हुने सम्भावित प्रतिफल स्पष्ट उल्लेख नगरी भ्रमण गर्ने गरेको र भ्रमण पश्चात् भ्रमण प्रतिवेदन लिने नगरेको तथा भ्रमण अभिलेख खाता पूर्ण रूपमा लागू गरेको पाईएन,

Ø स्थानीय तहले अधिकांस निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाईएन,

Ø उपभोक्ता समितिलाई दिएको कामको अनुगमनबाट देखिएको व्यहोरा उल्लेख गरी प्रतिवेदन गर्ने तथा अनुगमनको व्यहोरा कार्यान्वयनको अवस्था मुल्याङ्कन गरेको पाइएन,

Ø पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन,

Ø स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वयन र अभिलेख तयार गरेको देखिएन,

Ø ठेक्काहरूको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता तयार गरेको देखिएन,

Ø पालिकाले पालिका अन्तर्गतका सडकहरू मर्मत गरेको अभिलेख राखेको देखिएन । त्यसले गर्दा एकै स्थानमा दोहोरो पर्ने गरी मर्मत कार्य भए नभएको यकिन गर्न सकिएन,

Ø स्थानीय तहले विद्यालय अनुगमन गर्ने मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था नगरेको,

Ø मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई प्रदान गरेको पाईएन,

Ø कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरू पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख तयार गरेको देखिएन,

Ø सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लिखित सेवाहरूको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन,

Ø म.ले.प. फाराम ८०१ देखि ८०५ सम्मका फाराम तयार गरी सो अनुरूप बेरूजुको अभिलेख तयार गरेको देखिएन,

Ø मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तहमा समाहित भएका साविक गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरूजुको अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार असुल फछ्र्यौट तथा सम्परीक्षण कार्य गरेको देखिएन,

Ø राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्नुपर्नेमा अमानतवाट सङ्कलन गरेको नगद राजस्व असुली गरी निश्चित अवधि पश्चात् मात्र वैङ्क दाखिला गर्ने गरेको देखियो । सवै कारोवार वैङ्किक प्रणाली मार्फत संङ्कलन गरेको देखिएन,

Ø उपभोक्ता समितिहरू स्थायी लेखा नम्वर (PAN) मा आंशिक दर्ता भएको तथा विजक जारी गरेको पाईएन,

Ø अनुदान वितरण गर्दा लाभग्राही छनौटको मापदण्ड लागत साझेदारीको मापदण्ड तय गरेको पाईएन,
अतः पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउन आन्तरिक नियन्त्रण प्रणालीमा सुधारको लागि ऐनले तोके बमोजिमको आन्तरिक नियन्त्रण प्रणाली बनाई कार्यान्वयन गर्नु पर्दछ ।

## १५ प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित २९ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित २६ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको

क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, अधिकृत सहित ३ पदहरु रिक्त रहेका छन्। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ।

लेखवेशी नगरपालिकाको दरवन्दी तेरिज अनुसारको कर्मचारी विवरण

| सि नं | पदको नाम | स्वीकृत दरबन्दी | दरबन्दी | | पदपुर्ती (२०८२ असार मसान्त सम्मको स्थिती) | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | स्थायी | जम्मा | स्थायी | करार | जम्मा | | |
| १ | प्रमुख प्रशासकीय अधिकृत | १ | १ | १ | १ | ० | १ | | |
| २ | अभिकृत ९/१० शिक्षा | १ | ० | ० | ० | ० | ० | | |
| ३ | सि.डि.ई.९/१० ईन्जिनियर सिभिल | १ | ० | ० | ० | ० | ० | | |
| ४ | अधिकृत ७/८ प्रशासन | १ | १ | १ | १ | ० | १ | | |
| ५ | लेखा अधिकृत ७/८ | १ | १ | १ | १ | ० | १ | | |
| ६ | अधिकृत शिक्षा ७/८ | १ | १ | १ | १ | ० | १ | | |
| ७ | जनस्वास्थ्य अधिकृत ७/८ | १ | ० | ० | ० | ० | ० | | |
| ८ | इन्जिनियर ७/८ सिभिल | १ | १ | १ | १ | ० | १ | | |
| ९ | प्रशासन अधिकृत छैठौ | २ | ३ | ३ | ३ | ० | ३ | | |
| १० | आलेप अधिकृत छैठौ | १ | १ | १ | १ | ० | १ | | |
| ११ | प.हे.न.५/६ | १ | १ | १ | १ | ० | १ | | |
| १२ | हेल्थ असिस्टेन्ट५/६ | १ | १ | १ | १ | ० | १ | | |
| १३ | सहायक स्थर पाँचौ प्रशासन | ५ | ५ | ५ | ५ | ० | ५ | | |
| १४ | लेखापाल सहायक पाँचौ | १ | १ | १ | १ | ० | १ | | |
| १५ | सहायक कम्प्यटर अपरेट चौथो | १ | १ | १ | १ | ० | १ | | |
| १६ | प्रा.स.शिक्षा ५ | १ | १ | १ | १ | ० | १ | | |
| १७ | सब ईन्जिनियर पाँचौ | २ | २ | २ | २ | ० | २ | | |
| १८ | महिला बिकास निरीक्षक पाँचौ | १ | १ | १ | १ | ० | १ | | |
| १९ | अमिन | १ | १ | १ | १ | ० | १ | | |
| २० | सहायक प्रशासन चौथो | २ | १ | २ | १ | ० | २ | | |
| २१ | सहायक चौथो लेखा | १ | ० | ० | ० | ० | ० | | |
| २२ | सहायक महिला बिकास निरीक्षक | १ | २ | २ | २ | ० | २ | | |
| | जम्मा | २९ | २६ | २७ | २६ | ० | २७ | | |

संघीय कार्यक्रम करार तर्फ

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | सुचना प्राबिधि अधिकृत | १ | ० | १ | ० | ० | १ | | |
| २ | रोजगार संयोजक | १ | ० | १ | ० | ० | १ | | |
| ३ | रोजगार सहायक | १ | ० | १ | ० | ० | १ | | |
| ४ | उद्यम बिकास सहजकर्ता | २ | ० | २ | ० | ० | २ | | |
| ५ | प्रा.स. | १ | ० | १ | ० | ० | १ | | |
| ६ | MIS अपरेटर | २ | ० | २ | ० | ० | २ | | |
| ७ | फिल्ड सहायक | १ | ० | १ | ० | ० | १ | | |
| | जम्मा | ९ | ० | ९ | ० | ० | ९ | | |

नगरपालिका करार

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | मेडिकल अभिकृत | ० | ० | ० | ० | १ | १ | | |
| २ | अ.हे.ब | ० | ० | ० | ० | १० | १० | | |
| ३ | अ.न.मी. | ० | ० | ० | ० | १२ | १२ | | |
| ४ | ल्याब असिष्टेण्ट | ० | ० | ० | ० | ४ | ४ | | |
| ५ | सर्भेक्षण | ० | ० | ० | ० | १ | १ | | |
| ६ | अमिन | ० | ० | ० | ० | १ | १ | | |
| ७ | कार्यालय सहयोगी | ० | ० | ० | ० | २३ | २३ | | |
| ८ | सवारी चालक (हेभी,हलुका र ब्याक हो लोडर | ० | ० | ० | ० | ५ | ५ | | |
| | जम्मा | ० | ० | ० | ० | ५७ | ५७ | | |

कृषि र पशु सेवा तर्फ

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | भेटेरीनरी अधिकृत ९/१० | १ | १ | १ | १ | ० | २ | | |
| २ | भेटेरीनरी ५ | १ | १ | १ | १ | ० | १ | | |
| ३ | भेटेरीनरी ५(लाइभस्टार) | १ | १ | १ | १ | ० | १ | | |
| ४ | भेटेरीनरी ४ | १ | ० | ३ | ० | ० | ३ | | |
| ५ | भेटेरीनरी ४(लाइभस्टार) | १ | ० | ० | ० | ० | ० | | |
| ६ | कृषि अधिकृत ७/८ | १ | ० | ० | ० | ० | १ | | |
| ७ | कृषि सहायक ५ | २ | २ | २ | २ | ० | २ | | |
| ८ | कृषि सहायक पाँचौ | १ | १ | ३ | १ | ० | ३ | | |
| | | ९ | ६ | ११ | ६ | ० | १३ | | |

वडा कार्यलय तर्फ

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्रशासन सहायक पाँचौ | ४ | ५ | ५ | ५ | ० | ५ | | |
| २ | सब-इन्जिनियर पाँचौ | ४ | ३ | ३ | ३ | ० | ३ | | |
| ३ | प्रशासन सहायक चौथो | ६ | ५ | ७ | ५ | ० | ७ | | |
| ४ | अ. सब-इन्जिनियर | ६ | ५ | ७ | ५ | ० | ७ | | |
| | जम्मा | २० | १८ | २२ | १८ | | २२ | | |

१६ **कर्मचारी व्यवस्था**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३(८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन। पालिकाले उल्लेखित पदहरुमा बाहेक १० जना कर्मचारीलाई रु.३५७००००। भुक्तानी गरेको पाइयो। ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्यमा नियन्त्रण गर्ने तर्फ पालिकाको ध्यान जानु पर्दछ।

## १७ तलवी प्रतिवेदन

कर्णाली प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन २०८१ को दफा ४३(२) मा प्रदेश लेखा इकाई कार्यालयबाट तलबी प्रतिवेदन पारित गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ ३४ कर्मचारीको रु.२,५५,२५,२३९.९८, र पालिकाका ४५ कर्मचारीको रु.३,१९,६०,३६७.८८ समेत रु.५,७४,८५,६०६।० खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ।

## १८ सामाजिक परीक्षण

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७८(५) स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जबाफदेही बनाउन सामाजिक परीक्षण कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था छ। साथै प्राप्त प्रतिवेदनमाथि सभामा छलफल तथा सरोकारवालाहरुको जानकारीको लागि पालिकाको वेभसाईटमा समेत राख्नुपर्दछ। पालिकाले सेवा र परामर्श खर्चबाट सामाजिक परीक्षण बापतको रु.२४७५१५।० सक्रीय परामर्श सेवा प्रालिलाई भुक्तानी गरेको छ। पालिकाले सामाजिक परीक्षणको प्रतिवेदन वेभसाईटमा राखीनु पर्दछ।

## १९ दिगो विकास लक्ष्यहरुको स्थानीयकरण

संयुक्त राष्ट्रसंघद्वारा गठित वातावरण र विकास सम्बन्धि विश्व आयोग ब्रुटल्याण्ड कमिसनद्वारा सन् १९८७ मा प्राकृतिक स्रोत साधन, वातावरण, जनसंख्या र विकास गतिविधिहरूको उचित एवं सन्तुलित तालमेलका लागि ल्याएको हाम्रो साझा भविष्य नामक अवधारणा बमोजिम संयुक्त राष्ट्र संघका सदस्य राष्ट्रहरूले संयुक्त रुपमा अङ्गिकार गरी सन् २०१६ बाट कार्यान्वयनमा ल्याइएको आवधिक विकासका साझा मार्ग चित्रलाई दिगो विकास नाम दिइएको छ। यस अन्तर्गत तय भएका लक्ष्यहरू प्राप्तिका लागि नेपालका तिनै तहका सरकार समान रुपले जिम्मेवार छन्। यस पालिकाले तयार गरेको आवधिक विकास योजना समेत दिगो विकास लक्ष्य प्राप्तिका लागि प्रतिबद्धता जाहेर गरेको छ। पालिकाको वार्षिक बजेट र संचालन गरिने कृयाकलापहरूलाई दिगो विकास लक्ष्य प्राप्ति तर्फ केन्द्रित गर्नका लागि यसका सूचकहरूलाई स्थानीयकरण गर्न अपरिहार्य हुन्छ। दिगो विकासका लक्ष्यहरू आन्तरिकीकरण नगरी योजना तर्जुमा गर्दा दिगो विकासका लक्ष्यहरूमा योगदान पुग्ने कार्यक्रमहरू तर्जुमा हुन नसक्ने जोखिम रहने भएकोले पालिकाले दिगो विकासका लक्ष्यहरूको आन्तरिकीकरण गरी दिगो विकासका मध्यमकालिन लक्ष्य निर्धारण गर्ने र सो बमोजिम भएको प्रगतिको मूल्याङ्कन गर्नुपर्दछ।

## २० लेखा श्रेस्ता

आर्थिक कार्याविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५७(१) मा ऐनको दफा २६ बमोजिम कार्यालयले लेखा राख्दा सो लेखा प्रमाणित गर्ने बिल, भरपाई तथा अन्य कागजात सिलसिलाबद्ध रुपमा राख्नु पर्नेछ तथा उपनियम २ बमोजिम भुक्तानी वा पेश्की फस्यौंटको लागि पेश हुने प्रत्येक बिल, भरपाई र सोसाथ संलग्न अन्य कागजात खर्च गर्ने व्यक्तिले तयार गरी महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा पेश गर्नु पर्नेछ। त्यसरी पेश हुन आएको बिल, भरपाई तथा अन्य कागजातलाई खर्च स्वीकृत गर्ने अधिकारीले रकम भुक्तानी दिनु वा फस्यौंट गर्नु अघि प्रमाणित गर्नु पर्ने व्यवस्था छ।पालिकाले पेश्की दिदाँ तथा फस्यौंट गर्दा आवश्यक कागजात संलग्न नगरी भुक्तानी तथा पेश्की दिएको छ। गोश्वरा भौचर तयार गर्दा सम्बन्धि कागजात गोश्वरा भौचरसंग सिलसिलेबार रुपमा राखेको देखिदैन जुन लेखाको सिद्धान्त प्रतिकुल देखिन्छ। खर्चको तेरिज नबनाई अव्यवस्थित रुपमा कागजात राखेको हुँदा त्यसमा लाग्ने कर लगाएतका जोडजम्मा एकिन गर्न कठिनाई उत्पन्न हुने गरी अभिलेख राखेको छ। तोकिएको ढाचाँमा अभिलेख नराख्ने कर्मचारीलाई जिम्मेवार बनाई अभिलेख प्रणालीलाई व्यवस्थित बनाउनुपर्दछ।

## २१ आर्थिक सहायता

२१.१ पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न २ संघसंस्था र ९ व्यक्तिहरुलाई रु.२,२४,८६४।० आर्थिक सहायता वितरण गरेको छ। उक्त रकम पालिकाको कुल आन्तरिक आय रु.१.७१ प्रतिशत हुन आउँछ। निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ, साथै सहायता वितरण गरेको वेभसाइट राख्नु पर्दछ।

२१.२ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२(२) मा कार्यालयको आफ्नो आवश्यकता अनुसार ऐन को अधिनमा रही आकश्क मापदण्ड, निर्देशिका, कार्यविधि र नियम बनाई लागु गर्न सकिने व्यवस्था रहेको छ। कार्यालयले गौ.भौ.नं ६००-२०८१।१२। २१ बाट कर्मचारीलाई औषधी उपचार खर्च वापत रु २६,७३०।० खर्च लेखेको पाइएकाले यस्तो खर्च गर्नका लागि पालिकाले मापदन्ड तथा कार्यविधि वनाएको पाइएन। अतः खर्च गर्नु पुर्व खर्चको मापदण्ड तथा कार्य विधि बनाइ खर्च गरिनु पर्दछ।

## २२ स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

## २३ जिन्सी व्यवस्थापन

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ। महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सबै तहका कार्यालयहरूलाई २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रूपमा (PAMS) मा प्रविष्ट गर्ने र अनिवार्य रूपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ। यस सम्बन्धि देखिएको बहोरा निम्नानुसार छन्:

- Ø पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराईप्रतिवेदन तयार गरेकोमा जिन्सी निरीक्षण प्रतिवेदनमा जिन्सी सामानको मूल्यांकन गरी मर्मत गर्नुपर्ने, लिलाम विक्रि गर्नुपर्ने, मिन्हा गर्नुपर्ने र संरक्षण गर्नुपर्ने जिन्सीको अवस्था उल्लेख गरे वमोजिम जिन्सीको उचित मर्मत तथा लिलाम तथा संरक्षण गर्नुपर्दछ।

- Ø पालिकाले प्रत्येक कार्यकक्षमा रहेका कार्यालय सञ्चालनसँग सम्बन्धित सामानको विवरण तयार गरी कार्यकक्षमा टाँस गरेको देखिएन। यस अवस्थामा जिन्सीको संरक्षण तथा सदुपयोग भएकोमा आश्वास्त हुने आधार रहेको नदेखिएकोले यसमा पालिकाको ध्यानाकर्षण हुनु पर्दछ।

- Ø पालिकाले एकै किसिमको मालसमानको गत बर्ष खपत भएको परिमाण र चालु बर्षमा खरिद भएको मालसमानको तुलनात्मक विवरण तयार गरेको छैन।

- Ø आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम १०२ अनुसार कार्यालय अन्तर्गतको सरकारी घर, जग्गाको लगत महालेखापरीक्षकवाट स्वीकृत ढाँचामा राख्नु पर्ने र सो ढाँचामा जग्गा धनि पूर्जा प्राप्त भए नभएको व्यहोरा खुलाइ यस्तो विवरण जिल्ला प्रशासन, कोलेनिका र मन्त्रालयमा पठाउनु पर्ने व्यवस्था गरेकोमा सो अनुसार विवरण तयार गरी सम्बन्धित निकायहरूमा पठाएको नदेखिएकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नु पर्दछ।

- Ø स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरू समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्नेमा साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण भएका र पालिका अन्तर्गतका स्वास्थ्य चौकीहरूमा रहेका कोष तथा गाउँपालिका खाताहरूमा रहेको सबै मौज्दातलाई एकीकृत गरी अभिलेख अद्यावधिक नगरेकोले ऐनको व्यवस्था बमोजिम उक्त कोषहरू एकीकृत गरी अद्यावधिक अभिलेख खडा गर्नुपर्दछ।

- Ø आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ९६ (२) अनुसार कार्यालयमा मूल्य नखुलेका कुनै सम्पत्ति तथा जिन्सी मालसमान भएमा कार्यालय प्रमुखले नियमावली प्रारम्भ भएको एक वर्ष भित्र मूल्य कायम गरी सम्पत्ति तथा जिन्सी समानको श्रेस्ता अध्यावधिक गर्नु पर्ने व्यवस्था रहेतापनि यस पालिकामा विगत बर्षदेखि रहेका विभिन्न सवारी साधन तथा प्राप्त भएको जग्गाहरूको मूल्य खुलाई अध्यावधिक गरेको नदेखिएकोले पालिलकामा रहेका सवै सम्पत्ति तथा जिन्सीको मूल्यांकन गरी गराई जिन्सी अभिलेख अद्यावधिक गरिनु पर्दछ।

Ø वर्ष भरिमा मर्मत गरिएका सामग्री र जिन्सी प्रतिवेदनमा औल्याइएका मर्मत गर्नुपर्ने सामग्रीको अलग अलग विवरण तयार गरी कार्यालयका सामग्री खरिद वा मर्मत गर्दा वार्षिक बजेट विनियोजन यथार्थपरक बनाउनुपर्दछ।

Ø पालिकाको स्वामित्वमा रहेका घरजग्गाको विवरण PAMS मा प्रविष्टि गरेको छैन। पालिकाको नाममा रहेका सबै घर जग्गाको मुल्याङ्कन सहितको विवरण PAMS मा अभिलेख राख्नुपर्दछ।

Ø महालेखा नियन्त्रक कार्यालयले आर्थिक वर्ष २०८१/८२ बाट सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS-V2) लागु गरेको र PAMS-V2 मा यस अघी PAMS मा दाखिला गरेका खर्च भएर नजाने जिन्सीको मौज्दात मात्र अल्या गर्ने र खर्च भएर जाने जिन्सीको मौज्दात अल्या नगर्ने भएकोले आर्थिक वर्ष २०८०/८१ को अन्त्यमा रहेका खर्च भएर जाने जिन्सीको मौज्दात मेनुयल रूपमा जिम्मेवारी सार्नु पर्नेमा विभिन्न प्रकारका खर्च भएर जाने मालसामान मौज्दात रहेकोमा पालिकाले सो गरेको छैन्। गत वर्षको बाँकी मौज्दात चालु वर्षमा जिम्मेवारी सारी प्रयोगको सुनिश्चितता गर्नुपर्दछ।

Ø जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख गरिएका निम्न सामानहरु मर्मत तथा लिलाम गर्नु पर्ने उल्लेख गरेकोमा लेखापरीक्षण अवधि सम्म प्रकृया अगाडी बढाएको पाइएन।

Ø कृषकलाई वितरण गर्न खरिद गरिएको मिनीटेलर ९६ खरिद गरेकोमा जिन्सी साखामा खर्च भएर नजाने खातामा प्रविष्टी गरेकोमा हस्तान्तरण नभएकाले जिन्सी निरीक्षण प्रतिवेदनमा कायम रहेको पाइयो। अतः वितरण गरीएका सामानहरुको सामानको हस्तान्तरण गरी स्रेस्ता अध्यावधिक गरिनु पर्दछ।

| क्र सं | सामानको नाम | मौज्दात | मर्मत गर्नु पर्ने | लिलाम गर्नु पर्ने | मिन्हा गर्नुपर्ने |
|---|---|---|---|---|---|
| १ | मोटरसाइकल | ३४ | १ | | |
| २ | ल्यापटप | ६१ | | १६ | २ |
| ३ | टयावलेट | ६ | ३ | | |
| ४ | डिजिटल क्यामेरा | ६ | २ | | |
| ५ | सिसि टि भी क्यामेरा | ४ | ३ | | |
| ६ | डिस होम सेट | १ | १ | | |
| ७ | प्रिन्टर | ५९ | १२ | | |
| ८ | स्क्यानर | ११ | ७ | १ | |
| ९ | प्रोजेक्टर | ३ | १ | | |
| १० | सिलिङ् पङ्खा | २९ | | ४ | १ |
| ११ | भ्याकुम क्लिनर | ८ | ५ | | ३ |
| १२ | सोलार प्यानल | २२ | ५ | | |

## २४ समयमै बजेट व्यवस्था तथा वितरण सम्बन्धमा

कर्णाली प्रदेश सरकारको आन्तरिक मामिला तथा कानुन मन्त्रालयबाट सहिद स्मृति भत्ता बितरण कार्यविधि २०८१बमोजिम स्थानीय तहमा जाने शहिद स्मृति भत्तावापतको रकम सम्बन्धित स्थानीय तहहरुमा आर्थिम बर्षको सुरुवातमै अख्तियारी प्रदान गरी सहिद वेपत्ता

तथा घाइतेहरुलाई नियमानुसार प्रदान गरिने भत्ता मासिकरुपमा प्रदान गरिनु पर्नेमा आर्थिक वर्षको अन्तमा निकाशा हुँदा बजेटको प्रभावकारी प्रयोग भयो भन्न नसकिएकाले समयमा निकासा माग तथा वितरण तर्फ पालिकाले ध्यान दिनु पर्ने देखिन्छ।

२५ **खर्च बिश्लेषण**

स्थानीय आर्थिक ऐन, २०८१ र स्थानीय विनियोजन ऐन, २०८१ बमोजिम आन्तरिक आम्दानी रु.१,०८,११,३००।० राजश्व बाँडफाड र अनुदान रु.६३,५०,७९,५९३.१ समेत रु.६४,५८,९०,८९३.१० अनुमान गरिएको पाइयो। पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु.१,३०,७४,६५४.०१ राजस्व बाँडफाँड र अनुदानबाट रु.५१,७६,०२,१६१.८ समेत रु.५३,०६,७६,८१५.८१ आम्दानी भएकोमा चालु तर्फ रु.४३,८२,८३,५९२.६१ र पूँजिगत तर्फ रु.१४,८१,४७,७३०.९३ समेत रु.५८,६४,३१,०२३.५४ खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा २.२३ प्रतिशत रहेको छ। यसवर्ष पदाधिकारी सुबिधामा रु.८०,४६,०००।० खर्च भएको छ जुन आन्तरिक आयको ६१.५३ प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ८४ प्रतिशत चालु र २८.६२ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ। कूल विनियोजन रु.५१,७६,०२,१६१.८ भएकोमा रु.५८,६४,३१,०२३.५४ खर्च गरी कूल ११३.२९ प्रतिशत वित्तीय प्रगति गरेको छ। लक्षित बजेट कार्यान्वियन भएको पाइएन बजेटको लक्षित उद्देश्य विश्लेषण गर्नुपर्दछ।

२६ **त्रैमासिक पूँजीगत खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुँजीगत खर्चतर्फ | १४८१४७ | ३७८८ | ४०८९ | ३३८३८ | १०६४३२ | ७२७८३ |
| प्रतिशत | | २.५६ | २.७६ | २२.८४ | ७१.८४ | ४९.१३ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.१४ करोड ८१ लाख ४७ हजार निकासा भएकोमा प्रथम त्रैमासिकमा रु.३७ लाख ८८ हजार (२.५६ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.४० लाख ८९ हजार (२.७६ प्रतिशत), तेस्रो त्रैमासिकमा रु.३ करोड ३८ लाख ३८ हजार (२२.८४ प्रतिशत) र चौथो त्रैमासिकमा रु.१० करोड ६४ लाख ३२ हजार (७१.८४ प्रतिशत), खर्च गरेको देखिएको छ। यसरी नै आषाढ महिनामा मात्र रु.७ करोड २७ लाख ८३ हजार (४९.१३ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

२७ **गत वर्षको भुक्तानी**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ मा स्थानीय तहले एकवर्षभित्र सम्पन्न गर्न सक्ने योजना सञ्चालन गर्नुपर्ने व्यवस्था छ। विनियोजन ऐन २०८१ मा गतवर्षको भुक्तानी बाँकी योजना समावेश गरी पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित तथा यस वर्षको बजेटमा समेत गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था गरी रु.१,६०,८२,०११।० भुक्तानी दिएको छ। पालिकाले वजेट तयार गर्दा संचालन तथा सम्पन्न गर्ने सकिने योजना तथा कार्यक्रम मात्र निर्धारणगरी कार्यान्वयनमा ल्याउनु पर्ने देखिन्छ। आगामी दिनमा दायित्व सृजना हुने गरी र आगामी दिनको योजनालाइ प्रभाव पार्ने गरी कार्यक्रम संचालन नगर्ने तर्फ पालिकाको ध्यान जानु पर्दछ।

२८ **कानून र कार्यान्वयन स्थिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ३५ वटा ऐन, ५वटा नियमावली, ४४ कार्यविधि लगायत ८४ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ।

## २९ न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी नरहेको, यो वर्ष थप भएको १६ गरी विवाद दर्ता भएकोमा ९ वटा मात्र फस्यौंट भई ७ बाँकी देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ।

## ३० सेवा प्रवाह

यस आर्थिक वर्षमा पञ्जिकरण शाखा तथा अन्य शाखाबाट उपलब्ध गराएको विवरण अनुसार पन्जिकर सेवा उपलब्ध गराएको विवरण प्राप्तभएको छ ।

| सि.नं. | विवरण | यस वर्षको | गत वर्षको |
|---|---|---|---|
| | पञ्जिकरणतर्फ | | |
| २ | जन्मदर्ता | ८११ | ९०८ |
| ३ | मृत्युदर्ता | २५३ | २३२ |
| ४ | बसाईसराईदर्ता | १६१ | १५२ |
| ५ | विवाहदर्ता | ३२८ | ३१३ |
| ६ | सम्बन्धविच्छेददर्ता | ६१ | ५८ |
| ७ | नागरिकता सिफारिस | १५२८ | १६०१ |
| ८ | घरबाटो सिफारिस | ८१ | १३९ |
| ९ | नाता प्रमाणित | ६९८ | ५४५ |

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवा प्रवाहमध्ये पञ्जिकरणबाहेकका अन्य घ वर्गको इजाजत, नक्सा पासलगायतका अन्य सेवा सञ्चालनमा सन्तोषजनक देखिएन।

## ३१ सहकारी नियमन

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ४८ वटा सहकारी संस्था रहेकोमा ३० वटा सहकारी संस्थाले विवरण भरेकोमा १८ वटाले विवरण भरेको पाइएन। साथै १० वटा सहकारी संस्थाले मात्र लेखापरीक्षण प्रतिवेदन पेश गरेको पाइयो। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन। जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

## ३२ लागत सहभागिता

पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ। तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन्। अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ।

## ३३ शीर्षक फरक पारी खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१) मा कार्यालय प्रमुखले सरकारी रकम खर्च गर्दा बजेट तथा कार्यक्रमको सीमाभित्र रही खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले देहायको शीर्षमा विनियोजन गरेको रकमबाट तोकिए भन्दा फरक शीर्षकमा रु.६ लाख ७१ हजार खर्च गरेको छ। तोकिएको खर्च शीर्षक भन्दा फरक शीर्षकबाट भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु.

| सि. नं. | विवरण | खर्च भएको शिर्षक | रकम |
|---|---|---|---|
| १ | दशरथपुर रिङरोड क्षेत्रमा सडक वत्ति जडान | लवना रानागाँउ वडा नं ६ र ७ जोड्ने सडक स्तरोन्नती | १८९६४५ |
| २ | भुतचोक खार खोला सडक निर्माण | कैन पानी बाल बिकास भवन मर्मत | १००००० |
| | | किशोर किशोरी प्रजनन् स्वास्थ्य कार्यक्रम | ३१०५२ |
| ३ | गाडी भाडा भुक्तानी | खाँडदेवी मावि भवन निर्माण | ३५०००० |
| जम्मा | | | ६७०६९७ |

| | |
|---|---|
| अनियमित भएको | ६,७०,६९७ |

## ३४ सम्पत्तिको प्राप्ति उपयोग र संरक्षण

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८.२ अनुसार मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा यो मन्त्रालय र मातहतका निकायमा सार्वजनिक सम्पत्तिको प्राप्ति उपयोग तथा संरक्षणको अवस्था विश्लेषण गर्न देखिएको व्यहोरा निम्न छ।

| सम्पत्ति | प्राप्त मिति | संख्या | खरिद/ प्राप्ति मूल्य | कैफियत |
|---|---|---|---|---|
| घर जग्गा क्षेत्रफल र संख्या सहित | विभिन्न मितिमा | नगरपालिकाको २१२० व मि १० वटा वडा कार्यालयको जम्मा क्षेत्रफल १२२३१.९२ व मी र १३ वटा स्वास्थ्य संस्थाहरुको १२६६८.६७ व मि गरी कुल क्षेत्रफल २७०२०.५९ व मि रहेको | ० | |
| सवारी साधन (रु.१ लाखभन्दा बढी) | ३।२१।२०८२ | टिपर-१ | ५६४५००० | |
| | विभिन्न मितिमा | एम्वुलेन्स-१ | १८७३९६१ | |
| | २०७४।१२।१० | टाटा जेनिन जिप-१ | ३५१५००० | |
| | २०७६।९।२२ | स्कार्पियो जिप-१ | ५५९०००० | |
| | विभिन्न मितिमा | मोटरसाइकल-४१ | ७८५१७०१ | |
| उपकरण (रु.१ लाखभन्दा बढी) | २०८१।१२।२१ | मेनेजिवल स्विच सिस्को | १३५६०० | |
| | ९।३।२०८१ | हेमाटोलोजि मेसिन-१ | ४५२००० | नगर अस्पतालमा रहेको |
| | ५।२९।२०७४ | टोटल स्टेशन-१ | ४४०७०० | |

## ३५ सामुदायिक वनको अभिलेख

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ (ख) १ अनुसार सामुदायिक वन उपभोक्ता समितिले वन पैदावर विक्री तथा उपयोग सम्बन्धि आफ्नो वार्षिक कार्य योजना बनाई सम्बन्धित स्थानीय तहबाट स्वीकृति गराउनुपर्ने र उक्त कार्य योजना अनुसार वन पैदावरको विक्री वापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। वन कार्यालयको अभिलेख वमोजिम यस पालिकाक्षेत्रमा ३८ वटा सामुदायिक वन रहेको छ। पालिका अन्तर्गत कुनैपनी सामुदायिक वनले कार्ययोजना पेश गरी स्विकृत नगरेको पालिकाले जनाएको छ। पालिकाले आफ्नो कार्यक्षेत्र भित्रमा सामुदायिक वनको वार्षिक कार्य योजनाको अभिलेख र सोको कार्यान्यवन अवस्था सम्बन्धमा अनुगमन मूल्याङ्कन नगरेको, प्राप्त हुनुपर्ने राजश्व यकिन नगरेको र यसको लागि नीतिगत व्यवस्था तथा कार्ययोजना तयार गरी कार्यान्वियन गरेको देखिएन। कानुन वमोजिम आन्तरिक आयको अभिवृद्धि गर्न पालिकाको ध्यान जानुपर्ने देखिन्छ।

## ३६ फोहरमैला व्यवस्थापन

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

## ३७ खर्चमा मितव्ययिता

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २४(४) मितव्ययिता कायम गर्नेगरी खर्च गर्नुपर्ने व्यवस्था छ। यो वर्ष कार्यालयबाट देहायको खर्च शिर्षकमा बजेट व्यवस्था भएकोमा देहाय बमोजिम गतवर्ष र यो वर्षको खर्च लेखेको छ।

| सि.न. | खर्च शिर्षक | बजेट | खर्च | कैफियत |
|---|---|---|---|---|
| १ | इन्धन | ५८६४००० | ४९२४३०० | |
| २ | मर्मत | ९१००००० | ६०७४००० | |
| ३ | विविध | २२००००० | २१९९५८३ | |
| ४ | कार्यालय समान | ५०००००० | ४३५१८०८ | |
| ५ | घर भाडा | ५००००० | ४८६०२२ | |
| ६ | दै भ्र भत्ता | ३३९१३९१ | २९६८४४६ | |

माथिको तालिका बमोजिम स्थानीय तहको सञ्चालन खर्च घटाउने योजना सहितामा नीति तथा कार्यक्रम देखि सञ्चालन खर्च वढ्दो वा घट्दो स्थीति छ।

३८ **गुणस्तर परीक्षण**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपूर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेशन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ। पालिकाले योजनामा प्रयोग भएका निर्माण सामाग्री लगायत निर्माण कार्यको नर्म्स तथा स्पेशिफिकेशन अनुसार तथा फ्रिक्वेन्सीमा गुणस्तर परीक्षण गरेको पाइएन। गुणस्तर परीक्षण नहुँदा निर्माण कार्य गुणस्तरीय भएको सुनिश्चित हुन नसक्ने देखिन्छ। निर्माण कार्यमा प्रयोग हुने निर्माण सामाग्री लगायत निर्माण कार्यको गुणस्तर परीक्षण गरी निर्माण गुणस्तरीय भएको सुनिश्चित हुनुपर्दछ ।

३९ **प्राविधिक बिल र कार्य सम्पन्न**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ। लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन। प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन। यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ।

४० **प्याकेजमा खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३(क) मा सार्वजनिक निकायले खरिदकार्यलाई बढी सुविधाजनक समूहमा विभाजन वा प्याकेजमा समावेश गरी अधिकतम प्रतिस्पर्धा हुने हदसम्मको वोलपत्र आह्वान गर्नुपर्ने व्यवस्था छ। पालिकाले देहायको योजनाहरु सोझै निर्माण व्यवसायीसँग खरिद गरी रु.४०,५२,२८१।० भुक्तानी गरेको छ। पालिकाले प्याकेजमा समावेश गरी अधिक प्रतिस्पर्धात्मक खरिद प्रक्रियाको अवलम्बन गर्नपर्दछ।

| सि.न. | निर्माण व्यवसायीको नाम | योजनाको नाम | लागत अनुमान | सम्झौता रकम | भुक्तानी रकम |
|---|---|---|---|---|---|
| १ | वि डि के ग्रुप प्रालि | गरामारे मदन भण्डारी राजमार्ग देखि तिनधारा गरामारे सडक निर्माण स्तरोन्नती | ९५०००२ | ८४९२४२ | ८३०९४१ |
| २ | जि आर एन कन्स्ट्रक्सन एण् सप्लायर्स | नेरा मझुवा पिपलडाँडा चिङ्गाड- १ जोड्ने बाटो | ९९८२८३ | ५८७९६२ | ५७०४५२ |
| ३ | सुप्रिम निर्माण सेवा | विभिन्न ७ योजना | ९९८२८३ | ८८५४७३ | ८८५४७३ |
| ४ | स्वर्णिम निर्माण सेवा भौचर नं326 | | ९४९१५६ | ८९८०४१ | ८६९९४२ |
| ५ | सुप्रिम निर्माण सेवा भौचर नं.327 | | ८९९७८६ | ८९५४७३ | ८९५४७३ |
| जम्मा | | | | | ४०५२२८१ |

४१ **पेश्की बाँकी**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **१००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **११५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| पेश्की | ० |

४२ **जोखिम मूल्याङ्कन**

पालिकाले प्रदान गर्ने सेवाको बारेमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गरेको स्थानीय तह वित्तिय जोखिम मुल्याङ्कनमा यस पालिकाले आर्थिक बर्ष २०८०।८१ मा ८९ प्रतिशत अङ्क हासिल गरेको छ पालिकाले क्षमता स्वमुल्याङ्कनका क्रममा संगठन तथा प्रशासन, सेवा प्रवाह, वार्षिक बजेट तथा योजना व्यवस्थापन, वित्तिय एवं आर्थिक व्यवस्थापन, सामाजिक समावेशिकरण, वातावरण संरक्षण तथा विपद व्यवस्थापन र सहकार्य र समन्वय लगायतका विषय क्षेत्रमा सुधार गर्नुपर्ने देखिन्छ। साथै जोखिम मुल्याङ्कनको क्रममा पत्ता लागेका योजना, बजेट तथा कार्यक्रम व्यवस्थापन, अनुगमन, मुल्याङ्कन तथा लेखापरीक्षण र राजस्व व्यवस्थापन लगायतका विषय क्षेत्रमा भएको जोखिमहरुको अभिलेख राखि नियन्त्रणको लागि कार्य योजना तयार गर्नुपर्दछ ।

४३ **अनुदानको अनुगमन**

विनियोजन ऐन २०८१ वमोजिम वाँडफाट रकमवाट मापदण्ड वमोजिम कार्यक्रम सञ्चालन गरी पारदर्शि रुपले सञ्चालन गरी पारदर्शी रुपले सञ्चालन गरी सार्वजनिक गर्नुपर्दछ।सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसार कृषि, पशु, रु.३११०९५४। अनुदान खर्च लेखेको छ। तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन। साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन। तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ।

| क सं | कार्यक्रमको नाम | वजेट | पालिकाको अनुदान | कृषकको सहभागिता | लाभान्वित कृषक |
|---|---|---|---|---|---|
| १ | ५०% अनुदानमा कृषि अनुदान (च्यापकटर) | १३००००० | ४२८६४५ | ४२८६४५ | २७ जना |
| २ | डेरी प्रवर्द्धन कार्यक्रम | ६००००० | ५११८७१ | ९०३४५ | १२ सहकारी र संकलन केन्द्र |
| ३ | गहुँको विउ वितरण | ६८०००० | ३४०००० | ३४०००० | ७४ जना कृषक |
| ४ | धानको गहुँ वितरण | १५६६३६ | ७८३१८ | ७८३१८ | ५४ जना |
| ५ | ७०% अनुदानमा मकैको विउ विरतरण | २१०९४७ | १४९९१२ | ६४२४८ | ९० जना |
| ६ | ५०% च्याउका विउःवितरण | २००००० | १००००० | १००००० | १४९ जना |
| ७ | ५०% प्रतिशत सहकार्यमा कृषि औजा खरिद | ४५०६६२४ | १५०२२०८ | १५०२२०८ | ९६ जना |

### ४४ आय अनुमान

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.१०८११३००। प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष२०८१।८२ मा रु.१,३०,७४,६५४।० अर्थात अनुमान भन्दा १२०.९३ प्रतिशत बढी आय प्राप्त गरेको छ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ।

### ४५ आन्तरिक आय

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८१।८२ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ४११०६१४४८.१९ | १३०७४६५४ | ३.१८ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ३.१८ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

### ४६ व्यवसाय कर

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.९५०२५। कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन।व्यवसाय दर्ता तथा नविकरणलाई व्यवस्थित गर्नु पर्दछ।यस वर्ष वडा नं.६ र वडा नं. ४ मा मात्र ३ वटा व्यवसाय दर्ता भएको पाइयो। तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ।

### ४७ कर तथा शुल्क असुली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | ९००००० | ९०२४९९.३९ | १००.२८ |
| घरजग्गा वहाल कर | २००००० | २८७४९५.२६ | १४३.७५ |
| व्यवसाय कर | १००००० | ६०० | ०.६० |
| सरकारी सम्पती वहालबाट प्राप्त आय | ३०८१३०० | ६३१४६०१ | २०४.९३ |
| सिफारिस दस्तुर | २०००००० | १५८५६०० | ७९.२८ |
| व्यक्तीगत घटना दर्ता दस्तुर | ४६५००० | ५१५००० | ११०.७५ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

४८ **राजश्व**

आर्थिक कार्यविधि २०६४ नियमवली २०६४ को नियम ९(६) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नुपर्ने व्यवस्था रहेको छ।साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व दाखिला नगरेमा सम्बन्धित तालुक कार्यालयले १० दिन ढिलो गरेको भए १० प्रतिशत १५ दिन ढिलो गरेकोभए १५ प्रतिशत जरिवना गरी सो समेत दाखिला गर्न लगाउन र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानुन बमोजिम बिभागी कार्वाही समेत गर्न गराउन सक्ने व्यवस्था रहेको छ।पालिकाले आ.ब २०८१/८२ मा प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार पालिकाको जिम्मेवार व्यक्तिले तोकिएको अवधि भित्र दाखिला गरेको नपाईएकोले यस सम्बन्धमा पालिकाले छानविन गरी समयमै दाखिला गर्न लगाउनुपर्दछ।

४९ **प्रोत्साहन भत्ता**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ। कार्यसम्पादनमा आधारित उत्प्रेरणा जगाउन अतिरिक्त समय काम गरे वापत पालिकाको (प्रोत्साहन भत्ता) सम्बन्धि कार्यविधि, २०७९ दफा ९ र १० बमोजिम भत्ता उपलब्ध गराउने व्यवस्था गरेको छ। पालिकाले नगरसभाको बैठकले केही कर्मचारीलाई अतिरिक्त समय काम गरे वापत मासिक प्रोत्साहन भत्ता भुक्तानी गर्ने निर्णय गरे बमोजिम प्रोत्साहन भत्ता र कार्यविधि बमोजिम अतिरिक्त समय कार्य गरेको जनाई गरी जम्मा रु.११९६५९९ खर्च लेखेको छ। तर पालिकाको विद्युतिय हाजिर पुर्ण रुपमा लागु भएको देखिदैन जसको कारण कर्मचारीहरुलाई अतिरिक्त समय कार्य गरे/नगरेको सम्बन्धमा एकिन हुने अवस्था देखिदैन। निर्देशिकाले तोके बमोजिम विद्युतीय हाजिरीका आधारमा अतिरिक्त समय काम गरेको अभिलेख राखी प्रोत्साहन भत्ता भक्तानी गर्ने तर्फ ध्यान जानु पर्ने देखिन्छ। कार्य सम्पादनका आधारमा उपलब्ध गराइने प्रोत्साहन भत्ता भुक्तानीलाई वस्तुनिष्ठ, उपलब्धिमुलक र उत्प्रेरणायुक्त बनाउन एउटै मापदण्ड निर्धारण गरी आवश्यक कार्यसम्पादन सुचकका आधारमा भुक्तानी गर्ने व्यवस्था गरिनु पर्दछ।

५० **प्रमाण पेश गर्नुपर्ने**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा सरकारी रकम खर्च लेख्नु अघि त्यस्तो रकम भुतानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा रीत पुगे नपुगेको जाँच गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले प्रमाण नपुगेको देहायको कारोबारमा रु.१००००० भुक्तानी गरेको छ।अतः भुक्तानीको प्रमाण पेश गर्नुपर्ने रु.

| गो.भौ.नं. । मिति | बिबरण | भुक्तानी पाउने | रकम | कैफियत |
|---|---|---|---|---|
| ३२७-२०८१।१०।११ | खेलकुद कार्यक्रम भुक्तानी | श्री जीवनज्योती मावि | १००००० | बिल भर्पाई संलग्न नगरिएको। |
| | जम्मा | | १००००० | |

| प्रमाण पेश नगरेको | १,००,००० |
|---|---|

५१ **व्यवसायीक फर्मको नाममा भुक्तानी नभएको**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४०(४) मा सबै प्रकारको भुक्तानी सम्बन्धित व्यक्ति वा संस्थाको बैंक खातामा जम्मा हुनेगरी गर्नुपर्ने व्यवस्था छ। पालिकाले निम्न भौचरबाट विल भर्पाइसँग सम्वन्धित भुक्तानी आपूर्तिकर्तालाई भुक्तानी दिनु पर्नेमा व्यक्तिको खातामा रु. भुक्तानी गरेको छ। कानुनमा व्यवस्था भए बमोजिम सम्बन्धितको खातामा भुक्तानी दिई यसमा सुधार गर्नुपर्दछ । पालिकाले निम्मानुसारका भुक्तानीमा फर्मको नाममा भुक्तानी नगरी व्यक्तीको नाममा भुक्तानी गरेको छ।

| भौ.नं. | विवरण | रकम | भुक्तानी भएको | भुक्तानी हुनुपर्ने फर्मको नाम |
|---|---|---|---|---|
| ३५५-२०८१।१०।२३ | सवारी मर्मत | ९२६५० | दिनेश गुरुङ्ग | व्यक्तीको नाममा भुक्तानी गरिएको। |
| ७७९-२०८१।०३।०२ | विविध खर्च | ५७७०० | नारायण दाहाल, वडा सचिव | प्रिती होटल एण्ड लजको नाममा भुक्तानी हुनुपर्नेमा कर्मचारीको नाममा भुक्तानी भएको। |

५२ **बढी भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली¸ २०७७ को नियम ३९(१०) मा सार्वजनिक निकायले खर्च लेख्दा प्रमाण तथा कागजात रीतपूर्वक भए नभएको यकिन गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले वडा कार्यालय उद्घाटन खर्चमा भौ ५३२/५३३ बाट९०००० खर्च लेखेकोमा विल भर्पाइ भन्दा बढी भुक्तानी भएको रु.५२९०। वडा सचिव नायरायण दाहाल लाइ भुक्तानी भएकाले निजसँग असुल गरी नगरपालिका बेरुजु खातामा दाखिला गर्नु पर्ने रु.

| असुल गर्नुपर्ने | ५,२९० |
|---|---|

५३ **पोशाक सुविधा**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा सार्वजनिक निकायले खर्च लेख्दा प्रमाण तथा कागजात रीतपूर्वक भए नभएको यकिन गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ ।पालिकाले देहायको कारोबारमा नियमकानुन भन्दा विपरित भुक्तानी गरेको छ । यसरीनियम भन्दा विपरित भुक्तानी भएकाले उक्त रकम असुल गर्नु पर्ने रु.

| गो.भौ नं/मिति | खर्चको विवरण | भुक्तानी पाउने | बढि भुक्तानी | कैफियत |
|---|---|---|---|---|
| ६५६-२०८२।०१।१० | पोषाक भत्ता भुक्तानी | ईन्द्र बहादुर शाही | ९९०० | हरेक बर्ष चैत्र महिनामा भुक्तानी हुने पोषाक वापतको भत्ता २०८१।१०।०६ बाट अनिवार्य अवकाश पश्चात भुक्तानी भएको। |

| असुल गर्नुपर्ने | ९,९०० |
|---|---|

५४ **स्यानिटरी प्याड**

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ।पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु १९७४ जना रहेका छन। पालिकाले ससर्त अनुदानबाट बाट ४०६२० थान स्यानिटरी प्याड रु.१५३२४४। (मु अ कर समेत) मा खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि मौज्दातमा राखेको देखिन्छ।खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन।तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ।

## ५५ शिक्षक विद्यार्थी अनुपात

शिक्षा नियमावली, २०५९ (संशोधनसहित) को नियम ७७ को उपनियम (१) बमोजिम विद्यार्थी शिक्षक अनुपात पहाडी भेगमा १:४५ रहने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८१।८२ मा विद्यालयहरुको शिक्षक विद्यार्थी अनुपातको अवस्था देहाय बमोजिम छ। उपरोक्त विवरण अनुसार पालिकामा शिक्षक विद्यार्थी अनुपात अधिकतम १:४४ देखि न्युनतम १:३ सम्म रहेको देखिन्छ। IEMIS विवरण अनुसार पालिकाको ४७ वटा विद्यालयको औषत शिक्षक विद्यार्थी अनुपात १:२८ रहेको छ। पालिकाले विद्यार्थी विवरणको सत्यापन गरी आवश्यकता, भुगोल र औचित्य समेतलाई विचार गरी प्रचलित कानून बमोजिम विद्यालय समायोजन एंव शिक्षक दरबन्दी मिलान तर्फ ध्यान दिनुपर्दछ।

| क्र.स. | विद्यालयको नाम | दरवन्दी संख्या | पदपुर्ती | | | जम्मा विद्यार्थी संख्या | कुल जम्मा शिक्षक | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|---|---|---|---|
| | | | स्थायी | अस्थायी | राहात | | | |
| १ | विभिन्न ४७ विद्यालयहरु | १७३ | १७३ | ४५ | ५५ | ६५२५ | २७३ | १:२८ |

## ५६ पाठयपुस्तक खरिद

कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१/८२ को क्रियाकलाप नं २.४.६.२ को वुँदा १ वमोजिम IEMIS मा प्रविष्ट भएको विद्यार्थिको तथ्यांकलाई स्थानीय तह अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयमा १-१२ सम्मका विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराइ सत्यापन विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी सोको आधारमा आवश्यक कागतजात विषयगत पाठयपुस्तकको संङख्या एकिन र वुदाँ (५) मा विद्यालयमा पाठ्यपुस्तकको सङख्याको ७५ प्रतिशत सङ्ख्यालाईमात्र अनुदान दिने एंव शैक्षिक सत्रमा भएको नयाँ भर्नाको विवरण पाठयपुस्तक खरिद वितरणका आधारमा एकिन गरी नपुग हुने रकम मात्र दोस्रो पटक अनुदान दिने व्यवस्था छ। यस वर्ष पालिकाले ५३ विद्यालयलाई रु.४१,२१,१४२।० भुक्तानी भएको छ। पाठ्यपुस्तक निकासा गर्दा EMIES र सोमा रजिष्टर्ड भइको प्रत्येक कक्षागत विद्यार्थीको कोड नम्वर सहितको विद्यार्थीको नामनामेसी विवरण सहित सत्यापन गराएको छैन।विद्यार्थीको विवरण सत्यापन गराएर मात्र पाठ्य पुस्तक वितरण गरिनु पर्दछ।

## ५७ लेखापरीक्षण र विद्यालय सुधार योजना

नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट जारी गरेको कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।०८२ को क्रियाकलाप नं २.७.१३.१० को ५.५ मा र ५.३ मा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण सिकाई व्यवस्थापन गर्न सबै सामुदायिक विद्यालयहरुमा इन्टरनेट जडान गर्ने र जडित इन्टरनेट शुल्क भुक्तानी गर्ने प्रयोजनका लागि विद्यालय अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाले सो कार्यको अनुगमन गर्ने र IEMIS मा अनिवार्य रुपमा अध्यावधिक गर्ने गर्नुपर्दछ। त्यस्तै ५.३ मा विद्यालय सुधार योजना निर्माण गरी पालिकामा वुझाउनु पर्नेमा व्यवस्था छ। विद्यालयहरुले लेखापरीक्षणको अवधिसम्म नवुझाएकोले पालिकाले पालिकाभित्रका सामुदायिक विद्यालयहरुलाई इन्टरनेट र विद्यालय सुधार योजनाका लागि निम्न विद्यालयहरुले विल भरपाई तथा सुधार योजना तयार गरी प्रमाण पेश गर्नुपर्ने रु.

| क स | विद्यालयको नाम | लेखापरिक्षणप्रतिवेदन नबुझाएका | SIP प्रतिवेदननबुझाएको | जम्मा रकम |
|---|---|---|---|---|
| १ | जनकल्याणआवि जहडे | १०००० | ० | १०००० |
| २ | जनप्रियमावि व्याबरे | १५००० | २०००० | ३५००० |
| ३ | जीवनज्योतीमावि दशरथपुर | ० | २०००० | २०००० |
| ४ | सरस्वतिमावि कल्याण | १५००० | ० | १५००० |
| ५ | लक्ष्मिमावि लवना | १५००० | ० | १५००० |
| ६ | नेरा माविकुइनेपानी | १५००० | ० | १५००० |
| ७ | नवज्योतिप्रावि पोखरीचौर | १०००० | ० | १०००० |
| ८ | नेरा माविचुनियापानी | १५००० | ० | १५००० |
| ९ | चन्द्रज्योतीमावि चन्द्रपुर | १५००० | ० | १५००० |
| जम्मा | | | | १५०००० |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३०** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | १,५०,००० |
|---|---|

५८ **दिवा खाजा**

शिक्षा तथा मानव स्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ को क्रियाकलाप नं.२.७.११.१ मा शैक्षिक सुचना व्यवस्थापनन प्रणाली (IEMIS) मा प्रविष्टी भएको प्रारम्भिक बालविकास देखि कक्षा ५ सम्मको विद्यार्थी सङ्ख्यालाई आधार मानेर स्थानीय तहले प्रति विद्यार्थी दैनिक रु.१५ का दरले पहिलो त्रैमासिकको बजेट निकासा गर्ने र दोश्रो त्रैमासिक देखि स्थानीय तहले विद्यालयको भौतिक रुपमा कक्षा चलेको दिन खाजा उपलब्ध गराएको विद्यालयको प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिको अध्यक्षबाट विद्यार्थीको प्रमाणित सङ्ख्यात्मक विवरणको आधारमा स्थानीय तहले सङ्ख्या एकिन गरेपछि मात्र थप अनुदान दिनुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष चार वटा किस्तामा ५३ वटा विद्यालयहरुलाई रु.४४,३१,३५५। दिवा खाजामा निकासा गरेको छ। कार्यविधिमा उल्लेख भए बमोजिम विद्यालय व्यवस्थापन समितिको अध्यक्ष र प्रधानाध्यापनबाट हाजिरी प्रमाणित गरी पेश नभएको साथै स्थानीयतहबाट अनुगमन र निरीक्षण भएको छैन। त्यसैले के कति भुक्तानी हुनुपर्ने हो एकिन गर्न नसकीएकाले कार्यक्रम कार्यान्वयन कार्यविधि बमोजिम पालिकाले अनुगमन गरी प्रमाणित हाजिरी अभिलेखका आधारमा मात्र निकासा दिने तर्फ ध्यान दिनुपर्दछ।

५९ **न्यानो झोला कार्यक्रम**

सार्वजनिक खरीद नियमावली , २०६४ को नियम ११ तोकीयको स्फेसिफिकेसन अनुसार खरीद गरी गुणात्मक परीक्षण गर्नुपर्ने व्यवस्था छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८१।८२ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि पालिकाहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ। यस पालिका अन्तर्गतका ५ बर्थिङ सेन्टरमा गत वर्ष ३९८ थान यस वर्ष ५०० थान को रु. ४९७२००। खरिद गरेकोमा गत वर्ष २०० मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ। पालिकाको भण्डारमा खरिद गरिएका ६९८ थान न्यानो झोला मौज्दातमा रहेका छन्। पालिकाले रु.४९७२००।० मा ५०० थान मौज्दात राख्नका लागि खरिद गरेको आवश्यकता, औचित्यता र मागको आधारमा निमयसम्मत देखिएन। साथै खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको छैन। तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ। लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ।

## ६० औषधि खरिद

पालिकाकालाई आवश्यक पर्ने औषधिपालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति ,म्याद सकिने मिति,ब्याच नं.,उत्पादक कम्पनीको नाम र निःशुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १८ महिना बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ। यसवर्ष पालिकाले संघियर पालिकाको बजेट उप शिर्षकबाट रु.१६१८५१६। को औषधि खरिद गरेको देखिन्छ।आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन। अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ।

## ६१ पोषण कार्यक्रम (४०८-2082-03-25):

पोषण कार्यक्रम सञ्चालन गर्नकालागी महेश गिरी लाई रु.११४३०८ भुक्तानी भएको छ। सो कार्यलय सञ्चालन गर्नकालागी ६५ वटा व्यानरछापेको भनि ६५००० विल भरपाई राखेको पाईयो फरक फरक कार्यक्रम संचालन गर्नकालागी व्यानर छापेकोले समन्धित फर्मलाई भुक्तानी गर्नुपर्दछ।

## ६२ सार्वजनिक सुनुवाई

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को बुँदा नं ३४ मा स्थानीय तहले भुक्तानी गरेको रकम र बुझिलिनेहरुको नामावली स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एक पटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्नेछ। सार्वजनिक सुनुवाईमा प्राप्त गुनासा तथा सुझावहरु मध्ये आफुले सक्ने कुराहरु सम्बोधन गरी नसकिने खालका सुझाव तथा गुनासाहरु सम्बोधनका लागि स्थानीय तह कार्यालयमा पठाउनु पर्नेमा सो गरेको पाइएन। सुनवाई नगरी लाभग्राही सुची अनुसार भत्ता वितरण गरेको छ।आगामी दिनमा कार्यविधिको पालना गरी भत्ता वितरण गर्नुपर्दछ।

## ६३ त्रुटि सच्याउने अवधिको अभिलेख

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ (१) मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको ३० दिन भित्र सम्बन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको (एज बिल्ट) नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ। त्यस्तै सोही नियमको उपनियम २ मा त्रुटी सच्चाउने दायित्व अवधि समाप्त भएपछि ड्रइङ डिजाइन र स्पेशिफिकेशन वमोजिम भए नभएको जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ। नियममा भएको उक्त प्रावधानको प्रभावकारी रुपले कार्यान्वयन गर्न र गुणस्तरीय निर्माण कार्यमा सघाउ पुर्याउनको लागि निर्माण सम्पन्न भई डि.एल.पी मा रहेका ठेक्काको अभिलेख राखी नियममा उल्लेख भए अनुसार प्राविधिक कर्मचारीबाट जाँचबुझ गराउनुपर्नेमा डि.एल.पीमा रहेका ठेक्काको अभिलेख तयार गरेको देखिएन। यस्तो अवस्थामा डि.एल.पि समाप्त भएका ठेक्काको प्राविधिक कर्मचारी खटाई नियममा भएको प्रावधान अनुसार जाँचवुझ गराई कार्यसम्पन्न प्रतिवेदन तयार भए नभएको,ठेक्का स्वीकृत गर्ने पदाधिकारी र कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने एउटै पदाधिकारी भएको अवस्थामा एक तह माथिको अधिकारी समक्ष कार्य सम्पन्न प्रतिवेदन पेश गरे नगरेको सम्वन्धमा एकिन गर्न सकिएन। अतः नियमावलीमा भएको व्यवस्था वमोजिम त्रुटि सच्याउने अवधिका ठेक्काहरुको अभिलेख तयार गरी कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने गराउने, त्रुटि भएका ठेक्काहरुको त्रुटि सच्याउने लगायतका कार्यहरु गर्ने गराउने तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ।

## ६४ प्राविधिक विल तथा कार्य सम्पन्न

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको, लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक कामको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन। प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक बनाउनुपर्ने देखिन्छ। कानुनमा भएको सवै व्यवस्थाको पालना गरी विल, कार्य सम्पन प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ ।

## ६५ विमा

सार्वजनिक खरिद नियमवली,२०६४ को नियम ११२ मा रु.२० लाख भन्दा बढीको लागत अनुमान भएको निर्माण कार्यको निर्माण कार्यमा प्रयोग हुने निर्माण सामाग्री तथा कामदारको त्रुटी सच्याउने दायित्वको अवधि सम्मको विमा गराउनु पर्ने व्यवस्था छ। लागत अनुमान रु.१८,६२,३९४।० भएको कल्लीमोड ढोब्ला कागते सडक स्तरोन्नती कार्य रु.१४,६५,१२६।० मिति २०८१।४।१५ मा सम्पन्न गर्ने गरी सक्षम निर्माण सेवा मिति २०८१।३।११ संझौता भएको थियो। निर्माण व्यवायीले निर्माण अवधि ३६ दिनको विमा गराउन लागत अनुमानमा रु.१०,०००।० को व्यवस्था गराइ मिति २०८१।४।७ देखी २०८१।४।१५ सम्म ९ दिनको विमा गराई रु.१०,०००।० भुक्तानी दिएको पाइयो। नौ दिनको दामासाहीले रु.२,६४७।० भुक्तानी हुनु पर्नेमा बढी भुक्तानी भएको रु.७,३५३।० असुल गरी बेरुजु खातामा दाखिला गर्नु पर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७,३५३ |

## ६६ वितरण भर्पाइ

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा सरकारी रकम खर्च लेख्नु अघि त्यस्तो रकम भुत्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा रीत पुगे नपुगेको जाँच गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ। निम्नानुसार भएको भुक्तानीको वितरण भर्पाइ पेश नभएकाले भर्पाइ पेश गर्नु पर्ने रु.

| क सं | भौ मिती | विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| १ | ११८-०८२।३।२५ | अमर बहादुर घर्ती | ५९५०० |
| २ | | महेन्द्र बहादुर खड्का | २१६७५ |
| ३ | ८-०८१।५।५ | टाँडी सिंचाइ कुलो आर.सि सि लाइन विस्तार उ स को विल पेश नभएको | १५२४३ |
| | | जम्मा | ९६४१८ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९६,४१८ |

## ६७ सद्गगुरु भवन निर्माणः

लेकवेशी नगरपालिकाको विपद व्यवस्थापन कोष संचालन कार्यविधि २०७९ परिच्छेद २ दफा ८ उपदफा ३ मा कुनै पनि राहत सहायता विवरण उपलब्ध गराउँदा विपदको घटनार सोबाट पर्न गएको हानी नोक्सानीको मुल्याङ्कन सहितको सर्जमिन मुचुल्का वा प्रतिवेदन निवेदन साथ संलग्न गरिएको हुनु पर्ने व्यवस्था छ।पालिकाले भौ ६-२०८१।६।२१ बाट सद्गगुरु भवन मर्मत तथा निर्माण वापत रु.७३८७१।भुक्तानी गरेकोमा कुनै पनि स्थानिय तथा प्रहरी सर्जमिन मुचुल्का हानी नोक्सानी खुल्ने प्रतिवेदन संलग्न नगरी कार्यालयले नियमित स्विकृत योजनाको जस्तै प्रकिया पुरा गरी भुक्तानी गरेको नियम सम्वत देखिएन।

## ६८ लागत अनुमान

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ बमोजिम सार्वजनिक निकायले निर्माण कार्यमा बाहेक १ लाख रुपैयाँ भन्दा बढीको खरिदमा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले देहाय बमोजिम खरिद गरि रु.११,२३,८७३।० भुक्तानी गरी गरेकोमा लागत अनुमान तयार गरेको छैन् । पालिकाले लागत अनुमान तयार गरेरमात्र खरिद गर्नुपर्दछ।

| भौचर नं. | विवरण | आपूर्ति कर्ता तथा निर्माण व्यवसायी | भुक्तानी रकम |
|---|---|---|---|
| २६५-२०८२।३।१९ | मोटर खरिद तथा लिफ्ट सिचाई मर्मत वडा नं. १ | ज्वाला सप एण्ड सर्भिसेस | ४८८२६० |
| ३६१-२०८२।३।२५ | ल्यापटप खरिद | अल्फा ब्रदर्श | ६३५६१३ |
| जम्मा | | | ११२३८७३ |

## ६९ कन्टिन्जेन्सी खर्च

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी बापत थप गर्ने व्यवस्था रहेको छ। कार्यालयले कन्टिन्जेन्सी खर्च तर्फ विभिन्न योजनावाट कुल रु.१४,५१,९५०। कट्टि गरी रु.११,१८,१००। खर्च गरेकोमा सडक निर्माण मा रु.३,६१,०००।, सिंचाइमा रु.४,८०,३००।, भवनमा रु.७६,८००। र चालु खर्चमा रु.२,००,०००। पोषण सुधार कार्यक्रममा खर्च गरेको पाइयो। पालिकाले यस्तो खर्च गर्दा कन्टिजेन्सी खर्च सम्वन्धी कार्यविधि तय गरेको समेत देखिएन।कार्यविधि वनाएर मात्र कन्टिजेन्सी खर्च गर्नेतर्फ पालिकाको ध्यान जानु पर्दछ । यस सम्वन्धमा देखिएका थप व्यहोराहरु देहाय वमोजिम रहेका छन ।

Ø सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७४ अनुसार कन्टिन्जेन्सीबाट भएको खर्च ठेक्का एवं योजना अनुसार नापी किताबमा उल्लेख गर्नु पर्नेमा गरेको देखिएन। योजना वा ठेक्का प्याकेज अनुसार कन्टिन्जेन्सी खर्च छुट्याई नापी किताबमा प्रविष्टि गर्नुपर्छ।

Ø महालेखा नियन्त्रक कार्यालयले २०७४ सालमा जारी गरेको एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ अनुसार विभिन्न खर्च संकेत नम्बरबाट खर्च लेखाङ्कन गर्नुपर्ने रकमहरू जस्तै मर्मत संभार, स्टेशनरी छपाइ, सूचना प्रकाशन, इन्धन, दैनिक भत्ता जस्ता कार्यमा समेत सार्वजनिक निर्माण शीर्षकबाट खर्च लेखेको देखिएको छ। जुन उक्त खर्चको संकेत तथा वर्गीकरण अनुसार मेल खाने देखिँदैन।

Ø कन्टिन्जेन्सी रकमबाट, कार्यालय मालसामान, इन्धन, विविध लगायतका चालू खर्च शीर्षकका खर्चहरू समेतलाई पुँजीगत बजेट शीर्षक तर्फ समावेश गरी खर्च गरेकोले सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७४ ले उल्लेख गरे बमोजिम अन्य सानातिना खर्च छुट्याएर मात्र कन्टिन्जेन्सी रकम खर्च भएको यकिन गर्ने विवरण समेत तयार गर्नुपर्दछ।

## ७० पिएसको विल पेश नभएको

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सार्वजनिक निकायले निर्माण कार्यको भुक्तानी दिँदा नापी कितावमा उल्लेख भएको बास्तिवक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था छ। निम्न योजनाहरुमा हुनु पर्ने भन्दा बढी भुक्तानी भएको रु.१३,०००। असुल गरी बेरुजु खातामा दाखिला गर्नु पर्ने रु.

| क सं | भौ मिती | योजनाको नाम | विवरण | लागत अनुमान | निर्माण व्यवसायी | कबोल अंक | जम्मा भुक्तानी | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|---|
| १ | ४-०८१।४।४ | लवना रानागाउँ लेकवेसी ६,७ जोड्ने सडक | ल्याव टेष्टको विजक पेश नभएको | ६८८७२३४ | जि आर एन कन्ष्ट्रक्सन एण्ड सप्लायर्स | ३४२९५५० | ३४१०३६० | १३००० |
| | | | | | | | असुल गर्नुपर्ने | १३,००० |

## ७१ उपभोक्ता समितिलाई बढी भुक्तानी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले भुक्तानी दिँदा रीत पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८०।८१ को भौचर नं.१८१- २०८१।२।१६ (समानीकरण पूँजीगत) बाट टांठी सिचाई कुलो निर्माण योजनाको रु.१८०५६८।० उपभोक्ता समितिलाई भुक्तानी दिँदा समितिले पेश गरेको शर्मा ट्रेडर्सको कर विजन नं. ०६९- २०८०।१२।६ अनुसार मूल्य अभिवृद्धि कर रु.१७,००९।५९भएकोमा उक्त रकमको ३० प्रतिशत रु.५१०२।८७ कट्टा गरी आपूर्तिकर्ताको नाममा दाखिला गर्नुपर्नेमा रु.३९२५४।० दाखिला भएकोले उपभोक्ता समितिलाई अपुग भएको भनि थप रकम माग गरेकोमा पालिकाबाट रु.१५२४३।० भुक्तानी गरेको छ। उपभोक्ता समितिलाई गत वर्ष मूल्यांकन अनुसारको भुक्तानी दिएकोमा यस वर्ष रु.१५२४३।० थप गरेकोले उक्त बढी भुक्तानी रकम सम्बन्धित आपूर्तिकर्ताबाट उपभोक्ता समितिले असुल गरी दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १५,२४३ |

## ७२ कोटेशनबाट सीमा भन्दा बढीको खरिद

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा प्रतिस्पर्धा समिति हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्नु नहुने व्यवस्था छ। पालिकाले देहायको बमोजिम बजेट विनियोजन गरी रु.५६,२६,५६६।० खर्च गर्दा प्रतिस्पर्धा नगरी सोझै खरिद गरेको छ। प्रतिस्पर्धात्मक विधिबाट खरिद नगरी सोझै खरिद गरी भुक्तानी गरेको अनियमित रु.

| सि.नं. | कार्यक्रमको नाम | विनियोजन रकम | खर्च रकम |
|---|---|---|---|
| १ | नगरपालिकाको प्रशासकीय भवन वडा कार्यालय एवं स्वास्थ्य संस्था फर्निचर र फिक्स्चर व्यवस्थापन | २५४८००० | २५२६५६६ |
| २ | मेशिन औजार | १८००००० | १४००००० |
| ३ | प्रशासकीय भवन आवश्यक मेशिन औजार तथा उपकरण खरिद | १७००००० | १७००००० |
| | जम्मा | ६०४८००० | ५६२६५६६ |
| | | अनियमित भएको | ५६,२६,५६६ |

७३ **पूँजीगत शीर्षकबाट चालु खर्च**

एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या - २०७४ अनुसार पूँजीगत खर्चको वर्गीकरण भित्र कुनै संरचना निर्माण, मेशिन औजार तथा उपकरण खरिद, सवारी साधन खरिद, सुरक्षा उपकरण खरिद, पूँजीगत संरचनाको आयु थप हुने गरी गरिने पूँजीगत सुधारका खर्चहरु समावेश हुने व्यवस्था छ। नगरपालिकाले देहाय बमोजिमको भवन निर्माण शीर्षकमा रु.५३,७५,८७३।० बजेट विनियोजन गरेकोमा यस वर्ष आदर्श मावि, लेकफर्साको भवन निर्माण कार्य वापत निर्माण व्यवसायीलाई रु.१५,३२,६८१।० भुक्तानी दिएको छ। नगरपालिकाको प्रशासकीय भवनको यस वर्ष कार्य प्रगति थप भएको छैन। पालिकाले कार्यक्रमको प्रगति नभएको तथा न्यून प्रगति भएको अवस्थामा समेत विनियोजन भएको रकमबाट रु.३६,२८,८१६।० कार्यालय सामाग्री, इन्धन, अनुगमन भत्ता, बैठक खर्च, विविध खर्च लगायतको चालु शीर्षकमा खर्च गरेको छ। पूँजीगत शीर्षकमा विनियोजन भएको रकम चालु प्रकृतिको कार्यमा खर्च गर्न आदेश दिने र खर्च लेख्ने पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ। पूँजीगत शीर्षकबाट चालु प्रकृतिको खर्च गरेको रु.३६,३८,८१६।० अनियमित देखिएको रु.

| क्र.सं. | पूजीगत कार्यक्रमको नाम | विनियोजन रकम | चालु शीर्षकमा खर्च भएको रकम |
|---|---|---|---|
| १ | नगरपालिकाको प्रशासकीय भवन निर्माण क्रमागत | २३७५८७२ | २३७५८७२ |
| २ | आदर्श मावि लेकफर्सा भवन निर्माण | ३०००००० | १२५२९४४ |
| | जम्मा | ५३७५८७३ | ३६२८८१६ |
| | | अनियमित भएको | ३६,२८,८१६ |

७४ **मोटरसाईकल खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१) मा रु.१० लाख रुपैयाँ सम्म लागत अनुमान भएको मालसमान सोझै खरिद गर्न सकिने तर पटक पटक गरी सिमाभन्दा बढीको खरिद गर्न नहुने उल्लेख छ। अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ। पालिकाले यो वर्ष देहाय वमोजिमका फर्मबाट रु.१४,६५,०००।- को मोटरसाईकल खरिद गरेकोमा खरिद गर्दा एकमुष्ठ लागत अनुमान गरी प्रतिस्पर्धात्मक तवरबाट खरिद नगरेको, निर्देशिकामा उल्लेखित व्यवस्था विपरीत समानीकरण अनुदानबाट खरिद गरेको देखिन्छ। प्रतिस्पर्धा तथा कार्यविधिमा भएको व्यवस्था विपरित खरिद गरेको नियमसम्मत नदेखिएको रु.

| गो.भौ.नं. र मिति | फर्मको नाम | खर्चको स्रोत | भुक्तानी रकम |
|---|---|---|---|
| १८६-२०८२।२।२९ | असिम अट्टो पार्ट्स | समानीकर अनुदान | ६०४००० |
| ३२१- २०८२।३।२४ | श्री भानु इन्टरप्राइजेज | समानीकरण अनुदान | ८६१००० |
| जम्मा | | | १४६५००० |

| अनियमित भएको | १४,६५,००० |
|---|---|

७५ **निर्माण अभिलेख**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न. ५०६ र ५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाँचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ। यसका केही उदाहरणहरु

| क्र सं | योजनाको नाम | निर्माण व्यवसायी | लागत अनुमान | संझौता रकम | संझौता मिति | सम्पन्न गर्नु पर्ने मिति | हालसम्म भुक्तानि |
|---|---|---|---|---|---|---|---|
| १ | सिद्धेश्वरी प्राथमिक विद्यालयको पक्की भवन निर्माण वडा नं ५ | आरोन कन्ट्रक्सन | २८४७२०७ | २०५७०४४ | २०८१।८।६ | २०८२।१।१५ | २०२७७३८ |
| २ | कृषि क्याम्पसको छात्रावास निर्माण | मंगल कन्स्ट्रक्सन | ८९०९९९७ | ८५२३१८० | २०८१।९।२९ | २०८२।३।१५ | ८२२९५९९ |
| ३ | पदम टमटा चोक देखी आरे चोक हुँदै नेटाली चोक शान्ती आ वि चोक सम्म सडक निर्माण | एल जि कन्ष्ट्रक्सन | ३१५६१३४ | १५६८४५१ | २०८१।८।१० | २०८१।१२।१५ | १५४६६७२ |
| ४ | गोरामारे मदन भण्डारी राजमार्ग देखी तिनधारा गोरामारे रिङ्गरोड स्तरोन्नती | सूर्य निर्माण सेवा एण्ड अडर्स सप्लायर्स | ३२१०९४४ | १५१८५७८ | २०८१।८।२० | २०८२।१।१५ | १४६२३२३ |
| | जम्मा | | १८१२४२८२ | १३६६७२५३ | | | ११९५०२४१ |

७६ **कृषि क्याम्पस दशरथपुर**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **२००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

७७ **निर्माण कार्यको अन्त्य**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ उपदफा ७ मा सम्झौता बमोजिम काम सुरु नगरेमा, सुरू गरी बिचैमा छाडेमा वा सम्झौता बमोजिम कामको प्रगति नगरेमा जुनसुकै बखत खरिद सम्झौताको अन्त्य गर्न सक्ने साथै नियम ५९ को उपदफा ८मा उपदफा ७ बमोजिम खरिद सम्झौताको अन्त्य भएमा सो काम वापत राखिएको पूरै जमानत जफत हुने, सम्झौता बमोजिम बाँकी कार्य पूरा गर्न आवश्यक रकम निर्माण व्यवसायीबाट सरकारी बाँकी सरह असुल गर्नुपर्ने व्यवस्था छ। पालिकाले आदर्श माविको भवन निर्माण कार्य(ठेक्का नं. ६- २०७७।७८) को मिति २०७८।१२।२९ गतेरु.१,००,०१,३२४।० माविलासपुर निर्माण सेवासँग २०७९।३।३२ मा सम्पन्न गर्ने गरी सम्झौता भई यस वर्ष अर्थात हालसम्म रु.१५,३२,६८१।० भुक्तानी गरेको छ। तोकिएको समयसम्म विद्यालय भवन निर्माण कार्य सम्पन्न नभई पालिकाले २०८० असार मसान्तसम्म म्याद थप गरेको देखिन्छ। थप अवधिमा समेत कार्य सम्पन्न

नभएपश्चात मिति २०८०।५।१५ को नगर कार्यपालिकाको निर्णयबाट निर्माण कार्यको लागि स्रोत व्यवस्थापन हुन नसकेको उल्लेख गरी खरिद सम्झौताको अन्त्य गर्ने निर्णय भएको देखियो । सम्झौतामा तोकिएको तथा थप गरिएको अवधिमा समेत कार्य सम्पन्न नगर्ने निर्माण व्यवसायीलाई पालिकाले वजेट व्यवस्थापन नभएको कारण उल्लेख गरी दुबै पक्षलाई थप आर्थिक व्ययभार नपर्ने गरी सुविस्थाको आधारमा खरिद सम्झौता रद्द गरेको छ। सम्झौता बमोझिम खरिद कार्य नगर्ने निर्माण व्यवसायिले पेश गरेको कार्यसम्पादन जमानत तथा बाँकी कार्य गर्ने लाग्ने रकम असुल नगरी यस वर्ष रु.१५,३२,६८१।० भुक्तानी दिई खरिद सम्झौता अन्त्य गरेको अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १५,३२,६८१ |

७८ **ढुवानीमा बढी भुक्तानी**

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **२,९३८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

७९ **दुग्ध प्रसोधन तथा भण्डारण उपकरण वितरण**

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१०** को निर्णयले रू **९०,३३२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

८० **मुख्य मन्त्री डिजिटल शिक्षा**

मुख्यमन्त्री डिजिटल शिक्षाका लागि नमुना बिद्यालय विकास कार्यक्रम अन्तर्गत फर्निचर तथा फिक्चर्स खरिद र कम्प्युटर सफ्ट्वेर निर्माण तथा खरिद कार्यमा बजेट बिनियोजन भएकोमा पालिकाले आदर्श मा.वि. लेखपर्साले पेश गरेको निर्णय सहितका बिल भरपाईका आधरमा रकम रु १,९८,५८१। बिद्यालयको खातामा रकम जम्मा गरेकोमा देहायको व्याहोरा देखियो।

Ø बिद्यालयको निर्णय र माग संकलन गरी पालिकाले सार्बजनिक खरिद ऐन र नियमको प्रक्रिया अपनाई खरिद कार्य गर्नुपर्नेमा नगरेको,

Ø भुक्तानी गर्दा सम्बन्धित फर्मको बैंक खातामा EFT मार्फत गर्नुपर्नेमा नगरेको,

Ø खरिद भएका सामानहरु PAMS V2 प्रणालीमा दाखिला गरी सम्बन्धित बिद्यालयको नाममा हस्तान्तरण हुनु पर्नेमा नभएको,

८१ **आदर्श मावि भवन मर्मत**

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **१,५९७,२७८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

८२ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

प्रधानमन्त्री रोजगार कार्यक्रम संञ्चालन निर्देशिका २०७५ वमोजिम स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत १० वडामा १० योजना सञ्चालन गरी यस वर्ष ८४ जनालाई औसत ९८ दिनले ८२३२ दिन रोजगारी उपलव्ध गराई रु.६८५५४७७। श्रमिक ज्याला खर्च गरेको छ। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ। उक्त खर्चवाट लक्षित वर्गमा

अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

## ८३ युवा रोजगार कार्यक्रम

प्रधानमन्त्री रोजगार कार्य्रक्रम युवा रोजगारकोलागी रुपान्तरण पहल आयोजना अन्तर्गत ४० दिने कार्यस्थलमा आधारित सिप/क्षमता विकास जिवन उपयोगी डकर्मी तालिममा संचालन गरेको पाइयो। तालिम संचालन गर्नु पुर्व प्रस्ताव माग गरी कम कबोल गर्ने सँग भेरी राप्ती प्राविधिक शिक्षालय प्रा लि बाट संचालन गरी भौ.४६-२०८२।३।२२ बाट रु.८,६५,३४०।० भुक्तानी भएको पाइयो। तालिम संचालन पुर्व लागत अनुमान तयार गर्नु पर्नेमा सो नगरी प्रस्ताव माग गरेकाले तालिम संचालन गर्न लाग्ने मेटेरियलको क्वालिटी, क्वान्टीटी साथै त्यसको खर्च कती लाग्ने जस्ता विस्तृत विवरण उपलब्ध हुन नसकेकाले वास्तविक खर्च र तालिम संचालकले पेश गरेको प्रस्ताव मेल खाने नखाने वा वास्तविक खर्च कति हुने यकिन हुन सकेन अतः लागत अनुमान तयार गरी कार्यक्र संचालन गरीनु पर्दछ।

## ८४ मुख्य मन्त्री रोजगार कार्यक्रम

मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविध, २०७८ बमोजिम कर्णाली प्रदेश बेरोजगार तथा कोभिड-१९ बाट प्रभावित युवालाई स्थानीयस्तरमा रोजगारी सृजना गर्न तथा आय आर्जन कृयाकलाप संचालन गर्न सामुदायिक पूर्वाधार निर्माण कार्यमा संलग्न गराई गरिबी निवारणमा योगदान पुर्‍याउने उद्देश्यले स्थानीयतह भित्र मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत १० वडामा १० योजना सञ्चालन गरी यस वर्ष २२४ जनालाई औसत ५१ दिनले ११४२४ दिन रोजगारी उपलव्ध गराई रु.८७६६४००। श्रमिक ज्याला खर्च र सामान खरिदमा रु.७३४१९०० गरी रु.१४२४५००। खर्च गरेको छ। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सुनिश्चित गर्नुपर्दछ।

## ८५ सामाजिक सुरक्षातर्फ

८५.१ सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ। यो वर्ष पालिकाले सामाजिक सुरक्षा तथा संरक्षण शिर्षकबाट रु.१२७८५०५१४।९८ खर्च गरेकोमा कोष तथा लेखा नियन्त्रक कार्यालयवाट सोझै लाभग्राहीको खातामा जम्मा हुने गरी इएफटि मार्फत भुक्तानी गरेको छ। यस सम्वन्धमा देखिएका व्यहोराहरु देहाय वमोजिम रहेका छन् ।

८५.२ **निस्कृय खाता-** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को बुँदा नं २३ र २४ मा बैंक मार्फत भत्ता वितरण गर्दा बैंकले स्थानीय तहबाट प्रणाली मार्फत फर्वाड फिड बमोजिमको लाभग्राहीको विवरण प्राप्त गर्ने र प्राप्त विवरणको आधारमा सम्बन्धित लाभग्राहीको खातामा रकम जम्मा गर्नुपर्ने र खाता सञ्चालन गर्ने बैङ्क तथा वित्तीय संस्थाले यस प्रकारका खाताहरु मध्ये निष्कृय खाताको विवरण प्रत्येक श्रावण महिनाभित्र सम्बन्धित स्थानीय तहका साथै विभागलाई दिनुपर्ने व्यवस्था रहेको छ। लेखापरीक्षणको क्रममा विवरण माग गर्दा निष्कृय खाताको विवरण पेश भएको छैन। पालिकाले कार्यविधिमा व्यवस्था भए बमोजिम निष्कृय खाताको विवरण बैकबाट प्राप्त गरी पालिकाले एकिन गर्नुपर्दछ।

८५.३ **लगत कट्टाको अभिलेख :** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं ११ मा मृत्यू भएमा, बसाईं सरी गएमा, एकल वा विद्यवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाँच बर्ष (साठी महिना) उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आर्थिक बर्षको कुनै पनि किस्ता रकम नबुझेमा बा बैंक मार्फत वितरण भएकोमा लगातार एक बर्षसम्म खाता निष्क्रिय भएमा वा अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएमा त्यस्ता लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहको मूल अभिलेखबाट कट्टा गर्नुपर्ने तथा लगत कट्टा गरिएको व्यहोरा अभिलेखमा स्पष्ट जनाई सम्बन्धित स्थानीय तहको वडाका सचिब वा निजले तोकेको जिम्मेवार पदाधिकारीले प्रमाणीत गर्नुपर्ने व्यवस्था छ। लेखापरीक्षणको क्रममा मुल अभिलेख खाता र आर्थिक वर्ष २०८१।८२ को लगत कट्टाको विवरण माग भएकोमा मृत्यु भएका, वसाईसराई भए गएका तथा आएका नागरिकहरुको अभिलेख प्रणालीमा जनाएको विवरण मात्र तयार गरेको छ। पालिकाले मुल अभिलेख खाता र लगत कट्टाको स्पष्ट अभिलेख नभएकाले कार्यविधिको बुँदा नं. १२ बमोजिम लगत कट्टा गर्नुपर्ने लाभग्राहीको लगत कट्टा भए नभएको र लगत कट्टा गर्नुपर्ने व्यक्तिलाई समेत भुक्तानी भएको छैन भनी एकीन गर्न सकिएन। आगामी दिनमा पालिकाले कार्यविधिको पालिना गर्दै सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको विवरण अध्यावधिक गरी भत्ता वितरण गर्नुपर्दछ।

८५.४ **पारदर्शिता र जवाफदेहिता** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं ३२ अनुसार स्थानीय तहहरुको कार्यालयले सामाजिक सुरक्षा भत्ता सम्वन्धी जानाकारी (लाभग्राहीको नाम दर्ता तथा नविकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने वैक र लाभग्राहिले पुरा गर्नुपर्ने प्रकृया) स्थानीय सामाजिक सस्था, गैरसरकारी सस्था, सामाजिक परिचालनमा संलग्न संस्थाहरुको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने र यस सम्बन्धि सुचना स्थानीय एफ एम लगायतका संचार माध्यमहरुबाट प्रचार प्रसार गर्नुपर्ने व्यवस्था मिलाउनुपर्ने र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसी सम्वन्धीत स्थानीय तहको वेभ साइटमा राख्नुपर्नेमा सो पालना गरेको पाइएन । यसले गर्दा भत्ता वितरण पारदर्शी ढङ्गबाट भएको छ भनि एकीन हुने अवस्था देखिएन। कार्यविधिमा भएको व्यवस्थाको पालना गर्नेगराउने तर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ ।

८५.५ **एक आर्थिक वर्षमा एक पटक पनि रकम नझिकेका लाभग्राहीको विवरण :** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को बुदा नं. २६(३) मा एक आर्थिक वर्षमा एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैंकबाट अनुसूची-११ बमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाईएमा सम्बन्धित बैंकबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने उल्लेख छ। पालिकाले सवै वैङ्क मार्फत उक्त विवरण प्राप्त गरी लाभग्राहीको विवरण र अवस्थाको एकिन गरेको छैन। कार्यविधिमा भएको व्यवस्था बमोजिम सेवाप्रदायक बैंकबाट अनुसूची-११ बमोजिमको ढाँचामा विवरण प्राप्त गरी लाभग्राही विवरण अद्यावधिक गर्नुपर्दछ ।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : लेकवेशी नगरपालिका, सुर्खेत , लेकबेशी नगरपालिका , सुर्खेत

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | MAHENDRA KUMAR SHARMA | २०८२-०३-३० | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ५३,७२४ | १२,९२३,७६० | २,२५४,०२८ | ० | ० | २१५,००० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | १५,४४६,५१२ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | २,१२५,५४८ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | १३,३२०,९६४ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ८३४४२७७५.६२ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ५११३५७३४०.८२ | चालु खर्च | ५६९५९६१०७.५९ |
| प्रदेश सरकारबाट अनुदान | ४५५७४९२७ | पूँजीगत खर्च | १५५६४७१३१.१३ |
| राजश्व बाँडफाँट | ११८६०८९८९.९८ | वित्तीय/अन्य व्यवस्था | २०२१७१३०.२७ |
| आन्तरिक आय | १३०७४६५४ | | |
| अन्य आय | १०९०२४९.४६ | | |
| कुल आय | ६८९७०६१६१.२६ | कुल खर्च | ७४५४६०३६८.९९ |
| बाँकी मौज्दात | | २७६८८५६७.८९ | |

## अनुसूची - २

## बेरूजु दफा २.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन

| आ.व. : २०८१/८२ अवधी : २०८१/०४/०१ - २०८२/०३/३२ | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | | | | | | |
| क्र.स./ आर्थिक सङ्केत | विवरण | टिप्पणी नं | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
| | | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | | |
| ११००० | कर | | १०७९००९१६.९३ | ० | १०७९००९१६.९३ | १३०८२१०२७.१९ | ० | १३०८२१०२७.१९ |
| १३००० | अनुदान | | ४१८१२००५२.६४ | ० | ४१८१२००५२.६४ | ४५७९२२९७९.११ | ० | ४५७९२२९७९.११ |
| १४००० | अन्य राजस्व | | २३८५१२१५.५६ | ० | २३८५१२१५.५६ | १००८५११५८.८७ | ० | १००८५११५८.८७ |
| १५००० | विविध प्राप्ति | | १०२१७६०.९५ | ० | १०२१७६०.९५ | १६९७७५५.८ | ० | १६९७७५५.८ |
| क | कुल जम्मा प्राप्ति | | ५५०८९३९४६.०८ | | ५५०८९३९४६.०८ | ६००५२६९२०.९७ | | ६००५२६९२०.९७ |
| ३ | चालु | | ४३८२८३५९२.६१ | ० | ४३८२८३५९२.६१ | ३९८९५४०३५.५६ | ० | ३९८९५४०३५.५६ |
| २१००० | पारिश्रमिक / सुविधा | | २३४८०८८७३.३२ | ० | २३४८०८८७३.३२ | २४०६५८०७८.०४ | ० | २४०६५८०७८.०४ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | | १४२२५३१५९.६९ | ० | १४२२५३१५९.६९ | १०१८३५२७३.५७ | ० | १०१८३५२७३.५७ |
| २५००० | सहायता (Subsidy) | | १३२७३८९. | ० | १३२७३८९. | १०८९८६०२. | ० | १०८९८६०२. |
| २७००० | सामाजिक सुरक्षा | | ८२७११९१.१ | ० | ८२७११९१.१ | ८४३९७१८. | ० | ८४३९७१८. |
| २८००० | अन्य खर्च | | ५१६२२९७९.५ | ० | ५१६२२९७९.५ | ३७१२२३६३.९५ | ० | ३७१२२३६३.९५ |
| ४ | पूंजीगत | | १४८१४७४३०.९३ | ० | १४८१४७४३०.९३ | २२०७८६०५९.३९ | ० | २२०७८६०५९.३९ |
| ३१११० | भवन तथा संरचना | | ३६४७२९४८.७४ | ० | ३६४७२९४८.७४ | ६५९७०६१७. | ० | ६५९७०६१७. |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | | २२१९६८१०.२२ | ० | २२१९६८१०.२२ | १६३०८८३१.५ | ० | १६३०८८३१.५ |
| ३११३० | अन्य पूँजीगत खर्च | | ६४५८६४६. | ० | ६४५८६४६. | ३४२४९७५.७ | ० | ३४२४९७५.७ |
| ३११५० | सार्वजनिक निर्माण | | ८१३६२८८८.९७ | ० | ८१३६२८८८.९७ | १३२८८०००९.१९ | ० | १३२८८०००९.१९ |
| ३११६० | निर्मितसरचनाको | | १६५६१३७. | ० | १६५६१३७. | ६४९१९८. | ० | ६४९१९८. |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | सुधार खर्च | | | | | | | |
| ३११७० | पूँजीगत सुधार खर्च | | ० | ० | ० | १४५२४२८. | ० | १४५२४२८. |
| ३१४१० | जग्गाप्राप्ति खर्च | | ० | ० | ० | १०००००. | ० | १०००००. |
| ख) | कुल जम्मा भुक्तानी | | ५८६४३१०२३.५४ | | ५८६४३१०२३.५४ | ६१९७४००९४.९५ | | ६१९७४००९४.९५ |
| ग) | बचत /कमी (ग = क-ख ) | | -३५५३७००७७.४६ | | -३५५३७००७७.४६ | -१९२१३१७३.९८ | | -१९२१३१७३.९८ |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | | -२०२१७१३०.२७ | | -२०२१७१३०.२७ | १५०३४५८४.१८ | | १५०३४५८४.१८ |
| घ.१) | कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी | | -५८९३६६. | | -५८९३६६. | -२४७२३३४.४३ | | -२४७२३३४.४३ |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | | -५५७५४२०७.७३ | | -५५७५४२०७.७३ | -४१७८५८९.८ | | -४१७८५८९.८ |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | | ८३४४२७७५.६२ | | ८३४४२७७५.६२ | ८७६२१३६५.४२ | | ८७६२१३६५.४२ |
| छ) | विनिमय नाफा/घाटा तथा अन्य समायोजन | | | | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | | २७६८८५६७.८९ | | २७६८८५६७.८९ | ८३४४२७७५.६२ | | ८३४४२७७५.६२ |

# सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ।निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्योट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्योटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्योट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्योट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।

- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ ।मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।
- संघ र प्रदेशबाट प्राप्त अनुदानमध्ये खर्च नभई वर्षान्तमा बाँकी रहेको मौज्दात आर्थिक वर्ष समाप्तिपश्चात् समेत फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ ।
- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ ।